


# सीआरपीडी
# र
# इन्च्योन रणनीति

## सजिलो नेपाली रूप

निर्माण तथा प्रकाशन
**राष्ट्रिय अपाङ्ग महासंघ नेपाल**

Disabled People's Organisations Denmark

निर्माण तथा प्रकाशन सहयोग
**डीपीओडी डेनमार्क**

| | | |
|---|---|---|
| कृतिको नाम | : | सीआरपीडी र इन्च्योन रणनीति : सजिलो नेपाली रूप<br>CRPD & Inchoen Strategy : Simplified Nepali Version |
| लेखन परामर्शदाता | : | महेश्वर घिमिरे |
| सल्लाहकार | : | सुदर्शन सुवेदी, टीका दाहाल र मनिष प्रसाईं |
| निर्माण तथा प्रकाशन | : | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल |
| निर्माण तथा प्रकाशन सहयोग | : | डीपीओडी डेनमार्क |
| सर्वाधिकार | : | प्रकाशकमा |
| भाषा सम्पादन | : | धातृप्रसाद सुवेदी |
| प्रकाशित प्रति | : | १,००० (एक हजार) |
| प्रकाशन मिति | : | २०७२ (सन् २०१५) |
| ISBN No. | : | 978-9937-2-9707-3 |

(यस सङ्कलनमा रहेका सामग्रीबाट पुस्तक एवं सङ्कलकको नाम उल्लेख गरी पूर्णतः वा आंशिक उद्धरण गर्न सकिनेछ ।)

# भूमिका

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार रक्षा र प्रवर्द्धनका लागि संयुक्त राष्ट्रसंघले २००६ मा पारित गरी २० मे २००८ देखि संसारभरि लागू गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई नेपालले पनि अनुमोदन गरेको हुनाले नेपालमा पनि यो अन्तर्राष्ट्रिय कानुन राज्यको पनि कानुनसरह लागू भइसकेको छ । यो महासन्धिले गरेका व्यवस्थालाई सबैले सरल तरिकाले बुझ्न सकियोस् भन्ने उद्देश्यले यसलाई नेपाली भाषामा सरलरूपमा तयार गरिएको छ ।

संयुक्त राष्ट्रसंघको एसिया प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग (Economic and Social Commission for Asia and Pacific – ESCAP) ले सन् २०१२ को अक्टुवर २९ देखि नोभेम्बर २ सम्म दक्षिण कोरियाको इन्च्योन सहरमा एसिया तथा प्रशान्त क्षेत्रका देशहरूको सम्मेलन आयोजना गरी एसिया तथा प्रशान्त क्षेत्रका लागि १० वर्षे रणनीति (जसलाई इन्च्योन रणनीति पनि भनिन्छ) निर्माण गरी लागू गरेको छ । यस रणनीतिमा नेपाल सरकारले समेत आफ्नो प्रतिबद्धता जनाइसकेको छ । यो रणनीति अपाङ्गता भएका व्यक्तिका "अधिकारहरूलाई वास्तविक व्यवहारमा उतार्ने" अर्थात "Make the Rights Real" भन्ने मूल नारा र प्रतिबध्दतासहित जारी गरिएको हुनाले यस संस्करणमा त्यही रणनीतिको सरल नेपाली रूपलाई पनि समेटिएको छ ।

अपाङ्गता भएका व्यक्ति, सरोकारवाला तथा सर्वसाधारण सबैले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र इन्च्योन रणनीतिको महत्व एवं उपादेयताका बारेमा थाहा पाउनु आवश्यक छ । अपाङ्गता भएका व्यक्तिहरूका अधिकार के के हुन् र राज्य, समाज एवं परिवारको अपाङ्गता भएका व्यक्तिहरू प्रतिका कर्तव्य के के हुन् भन्ने विषयमा जनचेतना अभिवृद्धि गर्न पनि यो पुस्तक तयार पारिएको हो ।

यो महासन्धि र इन्च्योन रणनीतिको सरल रूपमात्र हो, आफैंमा कानुन होइन । यस दस्तावेजमा महासन्धि र इन्च्योन रणनीतिमा उल्लेख गरिएका प्रावधान र विषयहरूलाई विभिन्न उपायमा सरल तरिकाले व्याख्या गरिएको छ । महासन्धिका हरेक धारा र उपधारामा सुनिश्चित गरिएका कानुनी प्रावधान र इन्च्योन रणनीतिका लक्ष, अपेक्षित उपलब्धि र सूचकहरूलाई सरल शब्द अनि वाक्यको प्रयोग, बुँदागत व्याख्या शैली र उदाहरणहरूको प्रस्तुतिबाट बुझाउने सक्दो प्रयास गरिएको छ । यो दस्तावेज लेख्दा सकेसम्म सजिला र दैनिक बोलचालमा प्रयोग भइरहने शब्द र वाक्यहरू प्रयोग गरिएको छ । व्याख्या गरेर बुझाउन नसकिने कुराहरूलाई बुझाउन उदाहरण प्रस्तुत गरिएको छ ।

यो पहिलो प्रयास भएको हुनाले यसलाई अझ सरल र सजिलो बनाउन सकिने पर्याप्त सम्भावना रहेको कुरालाई हामी सहर्ष स्वीकार्छौं र यसका लागि रचनात्मक सुझावको समेत अपेक्षा गरिन्छ । यति हुँदाहुँदै पनि यसले महासन्धि (सीआरपीडी) र इन्च्योन रणनीतिका बारेमा अपाङ्गता भएका व्यक्ति, सकरोकारवाला र यस विषयमा चासो राख्ने व्यक्ति तथा समूहलाई आवश्यक जानकारी दिन सहयोग पुग्नेछ भन्ने अपेक्षा गर्दछु ।

सुदर्शन सुवेदी
राष्ट्रिय अध्यक्ष
राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी), २००६

सजिलो नेपाली संस्करण

# खण्ड १

## नाम र परिचय

यो महासन्धिको अंग्रेजी नाम "Convention on the Rights of Persons with Disabilities" (कन्भेन्सन अन द राइट्स अफ पर्सन्स विथ डिसेबिलिटिज) हो । यसलाई छोटो रूपमा CRPD वा UNCRPD भन्ने गरिन्छ । नेपालीमा यसलाई "अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि" भनेर अनुवाद गरिएको छ भने नेपाली भाषामा पनि "सीआरपीडी" एउटा चलनचल्तिको शब्दावली बनिसकेको छ ।

यो संयुक्त राष्ट्रसंघले जारी गरेको एउटा अन्तर्राष्ट्रिय कानुन हो । २० मे २००८ देखि यो कानुन संसारभरि लागू भइसकेको छ । यस कानुनलाई कुनै देशको संसद्ले अनुमोदन गरिसकेपछि यो त्यस देशको कानुन बन्छ र त्यस देशको सरकारले यसलाई अनिवार्यरूपमा लागू गर्नुपर्छ । नेपालको संसद्ले यो कानुनलाई अनुमोदन गरिसकेको हुनाले यो अब नेपालमा पनि लागू भइसकेको छ ।

यस दस्तावेजको मुख्य आशय सबै मानव अधिकार अपाङ्गता भएका व्यक्तिहरूले पनि समानरूपमा उपयोग गर्न पाउनुपर्छ भन्ने हो । त्यसैले यसमा अन्य नागरिकलाई जस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई मानव अधिकारहरू दिलाउन विभिन्न कानुनी व्यवस्था गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूका विशेष अधिकार पनि यस कानुनमा उल्लेख गरिएका छन् । सरकारले अपाङ्गता भएका व्यक्तिहरूका लागि के कस्ता सेवा सुविधा उपलब्ध गराउनुपर्छ भन्ने बारेमा पनि यस दस्तावेजमा उल्लेख गरिएको

छ र ती सेवा सुविधा सरकारले कसरी उपलब्ध गराउनुपर्छ भन्ने बारेमा समेत यसमा निर्देशनहरू दिइएको छ । अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने विभिन्न प्रकारका भेदभाव, उपेक्षा, दुर्व्यवहार र हिंसाहरू अन्त्य गर्न र उनीहरूले भोगिरहेका विभिन्न समस्या र पीडाहरूबाट उनीहरूलाई मुक्त गर्न सरकारले गर्नुपर्ने कामहरूका बारेमा यसमा उल्लेख गरिएको छ ।

यस महासन्धिमा अपाङ्गता भएका व्यक्तिहरूको हितका लागि ५० वटा मुख्य कानुनी व्यवस्था (जसलाई धारा पनि भनिन्छ) गरिएको छ । यी ५० वटा व्यवस्थाभित्र अरू थुप्रै व्यवस्था पनि छन् ।

# खण्ड २

## प्रस्तावना

यस कानुनलाई मानेर लागू गर्ने देशहरूले,

- संयुक्त राष्ट्रसंघको बडापत्रले भने जस्तै जन्मैदेखि सबै मानिसले उतिकै सम्मान पाउनुपर्छ, सबै मानिस स्वतन्त्र छन् र यस्तो सम्मान र स्वतन्त्रता खोस्न वा हरण गर्न पाइँदैन भन्ने कुरा सम्झँदै,
- मानव अधिकारको घोषणापत्रले भने जस्तै सबै स्वतन्त्र छन् भन्ने कुरालाई स्वीकार गर्दै,
- मानव अधिकार (मानव भएको नाताले पाउनुपर्ने सबै अधिकार) सबैले पाउनुपर्ने र अपाङ्गता भएका व्यक्तिहरूले पनि ती सबै अधिकार विना कुनै भेदभाव पाउनुपर्छ भन्ने कुरामा फेरि प्रष्ट हुँदै,
- कमाएर वा काम गरेर खान, समाजमा बस्न, आफ्नो रीतिथिति र संस्कार मान्न पाउने अधिकारसम्बन्धी र राजनीतिमा भाग लिन पाउने अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन, जातपातका आधारमा गर्ने भेदभाव मेटाउने कानुन, महिलामाथि हुने अन्याय, हिंसा र भेदभाव हटाउने कानुन, एक ठाउँबाट अर्को ठाउँमा काम गर्न गएका वा बसाइँ सरेका कामदार र तिनका परिवारको अधिकार रक्षा गर्न बनाइएको कानुनलाई सम्झदै,
- अपाङ्ता एउटा नयाँ अवधारणा हो, शारीरिक वा मानसिक अवस्थाले गर्दा आउने कुरा होइन । कुनै कारणले मानिसको शारीरिक वा मानसिक स्थितिमा परिवर्तन भयो भने त्यही कारण देखाएर उनीहरूलाई परिवार र समाजमा सहभागी हुन रोकावट गरिन्छ, सेवा सुविधा र अवसर लिन दिइँदैन भने त्यसले ल्याउने अवस्था अपाङ्गता हो भन्ने नयाँ कुरालाई मान्यता दिँदै,
- यसभन्दा पहिले अपाङ्गता भएका व्यक्तिहरूलाई अरूसरह समान अधिकार दिन बनाइएका नीति नियम र कानुनमा भएका मूल कुरा र त्यसले देखाएको बाटोलाई मान्यता दिदै,

- सरकारले गर्ने विभिन्न विकासका काममा अपाङ्गता भएका व्यक्तिहरूका विषयहरूलाई पनि समेटेर लैजानुपर्छ भन्ने कुरालाई जोड दिँदै,
- अपाङ्गता भएकै आधारमा कसैलाई हेला, उपेक्षा वा भेदभाव गर्नु सबै मानव समुदायकै अपमान गर्नु हो भन्ने कुरालाई मान्यता दिँदै,
- अपाङ्गताका पनि विभिन्न प्रकार हुन्छन् भन्ने स्वीकार्दै,
- हर-हमेसा सहयोग र सहायता आवश्यक परिरहने अपाङ्गता भएका व्यक्तिहरू र अन्य अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको रक्षा गर्नुपर्छ भन्ने कुरालाई मान्यता दिँदै,
- विभिन्न प्रकारका व्यवस्था कानुन, नीति, कामको प्रयास हुँदाहुँदै पनि संसारका धेरै ठाउँमा अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्ना अधिकारहरू लिनबाट रोक्ने गरिन्छ र मान्छे भएको नाताले पाउनुपर्ने अधिकारहरू पाएका छैनन् भन्ने कुरामा चासो राख्दै,
- विषेशगरी गरीब देशमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा सुधार ल्याउन धनी देशहरूले सहयोग गर्नुपर्ने कुराको महत्वलाई स्वीकार गर्दै,
- अपाङ्गता भएका व्यक्तिहरूले पनि अरूले जस्तै सबैलाई हित हुनेगरी समाजमा राम्रो काम गर्न सक्छन्, यस्ता राम्रा काम गरेका छन् र आफ्नो अधिकार पाएपछि समाजमा प्रगति हुने र गरिबी घट्ने कुरालाई मान्यता दिँदै,
- अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना आवश्यक्ताहरू आफैँले छनौट गर्न पाउने र स्वतन्त्र हुने कुरालाई स्वीकार गर्दै,
- अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना आवश्यकता र अधिकारका विषयमा आफूले बोल्न र निर्णय लिन पाउनुपर्छ भन्ने कुरा विचार गर्दै,
- जात, धर्म, रंग, राजनीतिक विचार, पुख्यौंली ठाउँ, सम्पत्ति, उमेर जस्ता कुराका आधारमा पनि अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न प्रकारका विभेद भोगिरहनुपरेको छ र यस विभेदबाट उनीहरू निकै कठिन अवस्थामा छन् भन्ने कुरामा चासो राख्दै,
- अपाङ्गता भएका महिला तथा साना बालबच्चा घरभित्र र बाहिर दुवै ठाउँमा धेरैखाले शोषण, हिंसा र अप्ठ्यारामा पर्ने खतरालाई स्वीकार्दै,
- अपाङ्गता भएका बालबालिकाले पनि अरू बालबालिकाले जस्तै बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनमा लेखेका सबै अधिकार पाउँछन् भन्ने कुरालाई सम्झदै,
- अपाङ्गता भएका व्यक्तिहरूलाई सबैखाले मानव अधिकार दिने कुरालाई अगाडि

बढाउने काम गर्दा महिला एवं पुरूषलाई बराबरी समेट्नु पर्ने कुरामा जोड दिँदै,

- धेरैजसो अपाङ्गता भएका व्यक्तिहरूले गरीब भएरै बाँच्नुपरेको कुरालाई बाहिर ल्याउँदै यसमा उनीहरूलाई गरीब हुँदा परेको नराम्रो प्रभावलाई हटाउन केही गर्नै पर्ने आवश्यकतालाई मान्यता दिँदै,
- संयक्त राष्ट्रसंघको (बडापत्रको) उद्देश्य/सिद्धान्तमा शान्ति र सुरक्षाका बारेमा लेखे जस्तै देशमा लडाइँ हुँदा वा देश अरूले कब्जा गरेको अवस्थामा लाग्ने कानुनहरू लागू भएका बेलामा अपाङ्गता भएका व्यक्तिहरूलाई जोगाउनु पर्ने कुरालाई विचार गर्दै,
- अपाङ्गता भएका व्यक्तिहरूले सबै अधिकार पाउन र त्यसलाई भोग गर्न सकून भन्नका लागि वरपरको वातावरण, समाजको सोच, काम गरेर खाने व्यवस्था, स्वास्थ्य, पढ्ने सुविधा, सबैले सूचना पाउने व्यवस्था अपाङ्गता भएका व्यक्तिहरूलाई समेत मिल्ने खालको र उनीहरूका लागि मैत्रीपूर्ण बनाउनुपर्ने कुराको महत्व स्वीकार्दै,
- मानव अधिकारको अन्तर्राष्ट्रिय घोषणापत्रमा भने जस्तै आफ्नो ठाउँका प्रत्येक व्यक्तिको अधिकारलाई स्वीकार गर्ने, बढावा दिने र पालना गर्ने कुरालाई महशुस गर्दै,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार रक्षा गर्न र ती अधिकार उनीहरूले पाउन सक्ने बनाउन परिवारले पनि सहयोग पाउनुपर्छ भन्ने कुरामा विश्वास गर्दै,
- समाजमा अपाङ्गता भएका व्यक्तिहरूले अरूले जस्तै समान अधिकार नपाएको र असुविधा भोगिरहेको कुरालाई फेरि सम्झँदै भर्खर विकास हुँदै गरेका वा गरीब र धेरै विकास भइसकेका धनी देशमा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक सबै क्षेत्रमा सहभागी हुन सबैलाई बराबर अवसर दिन्छन् भन्ने कुरामा विश्वास राख्दै,
- आ-आफ्नो देशमा यो कानुनमा लेखिएका निम्न अनुसारका व्यवस्था लागू गर्ने प्रतिवद्धता जनाउँछन् ।

## धारा १ : उद्देश्य (यो कानुन किन चाहियो ?)

यो कानुन अपाङ्गता भएका व्यक्तिहरूको अधिकार पनि अरू मानिसको जति नै छ भन्ने कुरा निश्चित गर्न, उनीहरूले सबै मानव अधिकार उपयोग गर्न पाउनुपर्छ र अरू मानिसहरू जति नै स्वतन्त्र र इज्जतका साथ बाँच्न पाउनुपर्छ भन्ने कुरा निश्चित गर्न ल्याइएको हो । कुनै कारणले दबाइमुलो वा उपचार गरेर पनि निको नहुने गरी मान्छेको शरीर, इन्द्रिय वा दिमागी अवस्थामा केही परिवर्तन वा विचलन आएपछि दैनिक कामकाज, सामाजिक कामहरू, शिक्षादीक्षा, काम व्यवसाय आदिमा सामेल हुन वाधा अवरोध उत्पन्न गरेर र निषेधहरू गरेर अप्ठ्यारो र हेपिएको

अवस्थामा रहेका मानिसहरू अपाङ्गता भएका व्यक्तिहरू हुन् ।

## धारा २ : कुन कुन शब्दले के के अर्थ बुझाउँछ ?

**सञ्चार** भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई कुराकानी गर्न र विभिन्न सूचनालाई बुझ्न सघाउने विधि र तरिकालाई जनाउँछ । उदाहरणका लागि कम्प्युटर, सजिलो भाषा प्रयोग गरेर लेखिएका पढ्ने सामग्री, ब्रेल, सुनेर सञ्चार गर्ने तरिका, ठूलो खालको छापा अक्षर, छोएर गरिने सञ्चार आदि,

**अपाङ्गताका आधारमा गरिने विभेद** भन्नाले अपाङ्गता भएको भनेर हेप्नु, असमान व्यवहार गरिनु, मनमा दुःख लाग्ने शब्दहरू भनेर अपमान गर्नु, विभिन्न सामाजिक कामहरूमा सामेल हुनबाट रोकटोक गर्नु, कानुनले दिने भनेका सेवा सुविधाहरू अरूले पाए जसरी नपाउनु, अरूले जस्तो पढ्ने सिक्ने अवसर नपाउनु, हिँडडुल गर्ने ठाउँहरू असजिला हुनु र सजिलो हुनेगरी नबनाइदिनु, अपाङ्गता भएको भनेर हिंसा र दुर्व्यवहार गर्नु,

**भाषा** भन्नाले कुनै पनि विधिले मानिसहरूले आपसमा कुराकानी गर्नु वा भावना एवं विचारहरू साटासाट गर्नु (वातचित) गर्नुलाई जनाउँदछ । यसमा कुराकानी र सञ्चार गर्न चाहिने आवाज र सङ्केत, जसमा साङ्केतिक भाषा पनि पर्छ ।

**सर्वमान्य संरचना** भन्नाले कुनै पनि संरचना, उपकरण (जस्तैः घर, भवन, मोटर, कम्प्युटर, मोबाइल), जसलाई कुनै ठुलो फेरबदल बिना नै अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न सक्छन्, यस्तोमा अपाङ्गता भएकाहरूका लागि प्रयोग हुने सहायक सामग्री समेत पर्छन् ।

**उपयुक्त अनुकूलता** भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई अरूहरूले जस्तै सबै अधिकार, सेवा, सुविधा र अवसरहरूको समान उपयोग गर्न वा प्रयोग गर्न सक्षम बनाउन, अरूसरह दैनिक कामकाज, लेखपढ, रोजगारी, सामाजिक कामहरू आदिमा समावेश हुन सजिलो बनाउन कुनै निश्चित अवस्थामा मात्र चाहिने र थप वा धेरै खर्च नगरिकनै दिनेखालका विशेष सुविधा, सेवा वा वातावरणमा गरिने सुधारहरू भन्ने बुझ्नुपर्छ ।

### उपयुक्त अनुकूलताका केही उदाहरण

जस्तै : विशेष प्रकारका मेच वा टेबल, शौचालयहरूमा समातेर बस्न सजिलो हुनेगरी राखिने समात्ने बारहरू, दृष्टिबिहीन व्यक्तिहरूलाई कम्प्युटरमा काम गर्न सहज हुनेगरी जडान गरिने विशेष प्रकारका सफ्टवेयर आदि ।

## धारा ३ : आधारभूत सिध्दान्त

(सिद्धान्त भनेको यो महासन्धिमा भएका व्यवस्थाहरूलाई व्यवहारमा ल्याउँदा सँधै ध्यान दिनै पर्ने कुरा हो ।)

ती यस्ता छन् :

- मानिसहरू आफूलाई लागेको कुरा छान्न स्वतन्त्र छन्, मानिसलाई जन्मजात सम्मान पाउने हक छ, व्यक्तिको रूपमा स्वतन्त्र पनि छन् ।
- कसैका विरुद्ध भेदभाव, हेला वा उपेक्षा हुनेछैन ।
- अन्य कुनै व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समाजमा समावेश हुने बराबर हक छ ।
- अपाङ्गता भएका व्यक्तिहरू जे जस्तो अवस्थामा छन्, त्यसैको सम्मान हुनेछ, अरू मानिस फरक फरक भए जस्तै उनीहरू पनि फरक हुन् ।
- प्रत्येक व्यक्तिलाई सेवा सुविधा र अधिकारहरूमा समान अवसर हुन्छ ।
- प्रत्येकलाई समान पहुँच हुनेछ (सबै हिँडडुल गर्ने, सेवा सुविधा लिने, काम गर्ने, दैनिक जीवन चलाउने ठाउँ र व्यवस्था सबै अपाङ्गता भएका व्यक्तिलाई पनि उपयुक्त हुनेगरी बनाइने छ) ।
- पुरुष र महिलालाई बराबर व्यवहार गरिनेछ र समान अवसर हुनेछ ।
- अपाङ्गता भएका बालबालिकाको क्षमताको सम्मान गर्ने, उनीहरूको पहिचान संरक्षण गर्ने, उनीहरू जे जस्तो अवस्थामा भए पनि पूर्ण सम्मान पाउनेछन् ।

## धारा ४ : महासन्धि स्वीकार गर्ने देशका सरकारले गर्नै पर्ने काम

- यो महासन्धिलाई स्वीकार गर्ने सबै देशले वास्तविक व्यवहारमै अपाङ्गता भएका व्यक्तिहरूलाई समान व्यवहार गरेको सुनिश्चित गर्नै पर्छ ।
- यस महासन्धिलाई स्वीकार गर्ने देशहरूले आफ्ना देशमा निम्न अनुसारका काम गर्ने भनेर प्रतिवद्धता गरेका छन् :

- नियम र कानुन बनाएर अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूका अधिकार सुनिश्चित गर्ने र महासन्धिमा लेखिएका कुराहरूसँग नमिल्ने खालका कानुन भए तिनलाई परिवर्तन गर्ने,
- देश र जनताको विकासका लागि बनाइने सबै नीतिहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समानताको अधिकार समावेश गर्ने,
- यो महासन्धिमा लेखिएभन्दा विपरीत वा विरुद्व हुनेगरी कुनै पनि काम नगर्ने र अरूलाई पनि गर्न नदिने,
- सरकार र तिनका निकायहरूले यस महासन्धिमा लेखिएका व्यवस्थाहरू अनुसार काम गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै संस्था वा व्यक्ति कसैले पनि भेदभाव वा हेला नगरून् भन्ने सुनिश्चित गर्न सबैखालका उपाय अपनाउने,
- सबै वस्तु तथा सेवा सुविधा सबैले प्रयोग गर्न सक्नेगरी बनाउने वा यसलाई आवश्यक पर्दा सजिलै परिवर्तन गर्न सकिने गरी बनाउने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई हिँडडुल गर्न र दैनिक जीवनयापनमा मद्दत हुने, गर्ने वा पुग्नेखालका सामग्री र उपकरणहरू उपलब्ध गराउने । त्यस्ता सामग्री र उपकरणहरूको विकास गर्ने प्रविधिहरूमा अध्ययन र अनुसन्धान गर्ने । अपाङ्गता भएका व्यक्तिहरूलाई पनि सञ्चार गर्न र आवश्यक सूचनाहरू प्राप्त गर्न सहज हुने खालका प्रविधिहरू विकास गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूका लागि आवश्यक पर्ने सहयोगी सामग्री, सेवा, प्रविधि जस्ता कुराहरूका बारेमा उनीहरूले प्राप्त गर्न र प्रयोग गर्न मिल्नेगरी वा उनीहरूको पहुँच पुग्नेगरी जानकारी र सूचनाहरू उपलब्ध गराउने,
- यो महासन्धिमा लेखिएका सेवा सुविधा र अधिकारहरू राम्रोसँग उपलब्ध गराउन अपाङ्गता भएका व्यक्तिहरूसँग काम गर्ने मानिसहरूलाई आवश्यक पर्ने सबै तालिमहरू उपलब्ध गराउने,
- हरेक देशले आफ्नो क्षमताले भ्याएसम्म अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्राप्त गर्ने प्रगतिशील ढंगले पर्याप्त बजेट छुट्याउँदै जानुपर्ने ।

### आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको व्याख्या

आर्थिक अधिकार : सम्पत्ति कमाउने, सम्पत्ति राख्न पाउने, आफ्नो सम्पत्ति कसरी र कहाँ खर्च गर्ने भनेर आफैं निर्णय गर्न पाउने, काम गर्न पाउने, रोजगारी गर्न पाउने र भत्ता, पेन्सन लगायतका आर्थिक सहयोग पाउने,

सामाजिक अधिकार : शिक्षा र तालिमको अवसर पाउने, व्यक्तित्व विकास गर्न पाउने, अरूसरह नै समाजका विभिन्न गतिविधिमा सहभागी हुन पाउने, आफ्ना आवश्यकता र छनौटका बारेमा निर्णय गर्न पाउने, विवाह र सम्बन्ध जस्ता कुरा कायम गर्न पाउने आदि,

सांस्कृतिक अधिकार : आफ्नो धर्म र संस्कृति मान्न पाउने, खेलकुद तथा मनोरञ्जनमा भाग लिन पाउने, कला र संस्कृतिका क्षेत्रमा समावेश हुन पाउने आदि ।

- सबै देशले अपाङ्गता भएका व्यक्तिहरू, तिनका संस्था अनि अभिभावकहरूलाई कानुन एवं नीतिहरू बनाउने प्रक्रिया र कामहरूमा सहभागी गराउनुपर्छ ।
- देशहरूमा पहिले नै कुनै विषयमा धेरै सुविधा छ वा परम्परादेखि चलेको चलनले थप सुविधा दिने व्यवस्था गरेको छ भने यस महासन्धिमा कम व्यवस्था छ भनेर त्यसलाई घटाउन पाइँदैन ।
- संघीय राज्य भएका देशमा यो नियम सबै संघमा बराबर लागू हुन्छ ।

## धारा ५ : सबै समान हुने र कसैलाई पनि भेदभाव नगरिने

- यो महासन्धि अनुमोदन गर्ने देशहरूले सबै अपाङ्गता भएका व्यक्ति कानुनको नजरमा समान हुने र कानुनले तोकेका अधिकार र सुविधाहरूको पनि समानरूपमा उपयोग गर्न पाउने कुरा सुनिश्चित गर्छन् । अपाङ्गता भएका व्यक्तिहरूलाई हेला, भेदभाव गर्न पाइँदैन भन्ने कुरा सुनिश्चित गर्छन् ।
- यो महासन्धिलाई स्वीकार्ने मुलुकहरूले अपाङ्गताका आधारमा गरिने हेला, विभेद र अपमानहरूलाई निषेध गर्नेछन् र अपाङ्गता भएका व्यक्तिहरू विरुद्ध हेला, भेदभाव गर्न नपाइने कुरा कानुनमै उल्लेख गर्नेछन् ।
- कानुनको नजरमा सबै मानिस समान हुन् भन्ने कुरा र कानुनमा लेखिएका कुराहरूलाई सबैले समान रूपमा प्रयोग गर्न पाउँछन् भन्ने कुरा सुनिश्चित गर्न देशहरूले सबैखाले

उपयुक्त कानुनी र अन्य व्यवस्थाहरू गर्नेछन् ।

- अपाङ्गता भएका व्यक्तिहरूलाई अरूलाई जस्तै बराबरी अधिकार र सेवा सुविधाहरू दिनका लागि कुनै विशेष काम र व्यवस्था गर्दा अरूलाई हेला गरेको मानिने छैन ।

## धारा ६ : अपाङ्गता भएका महिलाहरूको अधिकार

- अपाङ्गता भएका महिला र केटी (बालिका, किशोरी) हरूले विभिन्न किसिमका विभेद सहेर बस्नु परिरहेको कुरा स्वीकार गर्ने र उनीहरूले अन्य मानिससरह सबै मानव अधिकार र स्वतन्त्रताहरू उपयोग गर्न पाउने कुरा सुनिश्चित गर्ने, यो अधिकार सुनिश्चित गर्न जे जे उपयुक्त कामहरू गर्नु पर्ने हो, त्यो सबै गर्ने ।
- देशहरूले अपाङ्गता भएका महिला र केटीहरूलाई उनीहरूका अधिकारहरूको पूरा उपयोग गर्न सक्ने बनाउन उनीहरूको विकास गर्ने र उनीहरूलाई क्षमतावान बनाउन सबै काम गर्ने ।

## धारा ७ : अपाङ्गता भएका बालबालिकाको अधिकार

- देशहरूले अपाङ्गता भएका बालबालिकाहरूले अन्य बालबालिकाले जस्तै सबै हक अधिकार उपयोग गर्न पाउँछन् भन्ने कुरा स्वीकार्नुपर्छ र उनीहरूलाई ती सबै अधिकार उपयोग गर्न दिन सबै उपाय अपनाउनुपर्छ । अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिकासरह समान हैसियत दिनुपर्छ र समान व्यवहार गर्नुपर्छ ।
- अपाङ्गता भएका बालबालिकाहरूका लागि कुनै पनि काम गर्दा वा निर्णय लिँदा के गर्दा उनीहरूको सबैभन्दा उत्तम हित हुन्छ, त्यही गर्ने ।
- अपाङ्गता भएका बालबालिकाहरूको जीवनमा असर पार्ने खालको कुनै काम गरिन्छ वा उनीहरूका लागि कुनै निर्णय लिइन्छ भने त्यसमा स्वयम् अपाङ्गता भएका बालबालिकाहरूले आफ्ना आवश्यकता र छनौटका बारेमा बोल्न, विचार राख्न, भावनाहरू राख्न पाउनुपर्छ । यस्तो अवसर दिनका लागि देशहरूले हरेक सम्भव हुने उपायहरू अपनाउनुपर्छ ।

## धारा ८ : मानिसहरूलाई अपाङ्गताका बारेमा सूचना, जानकारी दिने र समाजमा चेतना बढाउने ।

अपाङ्गताका बारेमा जनमानसमा चेतना फैलाउन, सही जानकारी गराउन र सूचना दिन

देशहरूले तल उल्लेख गरिएका कामहरू गर्नुपर्छ :

- अपाङ्गता भएका व्यक्तिहरूले के कस्ता अधिकारहरूको उपयोग गर्न पाउँछन् भन्ने बारेमा परिवार र समाजमा जानकारीहरू गराउने,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि हेला र अपमान जनाउने परम्परादेखि चल्दै आएका व्यवहार, शब्दहरू र उनीहरूलाई हानी हुने खालका काम र व्यवहारहरूलाई निषेध गर्न, रोक्नका लागि सूचना र जानकारीहरू गराउने,
- अपाङ्गता भएका व्यक्तिहरूको समाजमा इज्जत र सम्मान बढाउने खालका जानकारी र चेतना फैलाउने,
- सबैलाई अपाङ्गता भएका व्यक्तिहरूले के कस्ता कार्य गर्न सक्छन् भनेर देखाउने छन्,
- अपाङ्गता भएका व्यक्तिहरूले गरेका राम्रा र उदाहरणीय कामहरूका बारेमा सबैलाई जानकारी दिने,
- अपाङ्गतासँग सम्बन्धित नकारात्मक विचारहरूलाई हटाउने र सकारात्मक कुराहरूको मात्र प्रचार गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको सीप र क्षमतालाई स्वीकार गर्ने र विभिन्न काम र श्रम गर्न मौकाहरू दिने,
- विद्यालयमा पढ्ने सबै बालबालिकालाई अपाङ्गता भएका व्यक्तिहरूका अधिकारका बारेमा सिकाउने र उनीहरूलाई हेला गर्नु हुँदैन र सम्मान गर्नुपर्छ भन्ने भावनाको विकास गराउने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न सञ्चार माध्यमहरूबाट सही ढंगबाट प्रस्तुत गर्ने/गराउने,
- अपाङ्गतासम्बन्धी चेतना जगाउने कामहरूलाई व्यापक रूपमा फैलाउने ।

## धारा ९ : सबै ठाउँमा अरूसरह पुग्न सकिने वा भौतिक सेवा सुविधा र सञ्चार सेवा सजिलै उपयोग गर्न पाउने

१. अरू मानिसहरूसरह अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर भएर बाँच्न सक्ने र दैनिक जीवन चलाउन सक्ने बनाउन वरिपरिका भौतिक सेवा सुविधा, यातायात र सञ्चारका प्रणालीहरू

देशहरूले अपाङ्गता भएका व्यक्तिहरूले समेत प्रयोग गर्न मिल्ने गरी बनाउनुपर्छ । अपाङ्गता भएका व्यक्तिहरूले सजिलैसँग यस्ता सेवा सुविधा प्रयोग गर्न पाएका छन् कि छैनन्, प्रयोग गर्न पाएका छैनन् भने के कुराले अवरोध गरेको छ भनेर त्यसको पहिचान गर्नुपर्छ । देशहरूले निम्न लिखित कुराहरूलाई अपाङ्गता भएका व्यक्तिहरूले समेत समानरूपमा उपयोग वा प्रयोग गर्न मिल्नेगरी बनाउनुपर्छ ।

- विद्यालय, बस्ने घरहरू, अस्पतालहरू, सरकारी कार्यालय, बाटो र ठूला सडक, यातायातका साधनहरू,
- विद्युतको प्रयोग गरेर लिने सेवाहरू, आपत-विपद र महामारी पर्दा दिइने सेवाहरू,
- सार्वजनिक ठाउँमा राखिने वा सबै जनताका लागि सरकारले दिने सूचनाहरू ।

२. यसबाहेक अरू निम्न लिखित काम पनि गर्नुपर्छ ।

- सर्वसाधारण सबैले उपयोग गर्नेगरी खुला गरिएका सबै सेवा सुविधा अपाङ्गता भएका व्यक्तिहरूले समेत समानरूपमा उपयोग गर्न मिल्नेगरी बनाउन आवश्यक निर्देशिका र मापदण्डहरू निर्धारण गर्ने र लागू गर्ने,
- सर्वसाधारणका लागि भनेर निजी क्षेत्रले निर्माण गर्ने वा उपलब्ध गराउने सेवा सुविधाहरू पनि अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग वा उपयोग गर्न मिल्ने बनाउन देशहरूले निजी क्षेत्रलाई समेत यस विषयमा ध्यान पुऱ्याउन लगाउने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक ठाउँमा सेवा सुविधा र अवसरहरू लिनलाई के कस्ता वाधा र अवरोधहरू छन् भन्ने बारेमा र तिनलाई कसरी हटाउने भन्ने बारेमा विभिन्न सरोकारवालाहरूलाई तालिम दिने र सिकाउने,
- सर्वसाधारण सबैले प्रयोग गर्न मिल्नेगरी बनाइएका घर-भवनहरू भित्र ब्रेलमा वा सबैलाई पढ्न र बुझ्न सजिलो हुनेगरी विभिन्न प्रकारका चित्र वा सङ्केतमा सूचनाहरू राख्ने,
- यस्ता ठाउँहरूमा दृष्टिबिहीनहरूका लागि बाटो देखाउँने, बहिराहरूका लागि साङ्केतिक भाषाका दोभाषे र सहयोगीहरू उपलब्ध गराउने,
- इन्टरनेट, कम्प्युटर प्रविधि र अन्य विभिन्न प्रकारका सूचना लिने र सञ्चार गर्ने साधन र प्रणालीहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच पुऱ्याउन आवश्यक उपाय गर्ने,

- यदि कसैले अपाङ्गता भएका व्यक्तिहरूका लागि समेत सहज हुनेगरी सूचना प्रणाली र सञ्चार सेवाको विकास गर्न खोज्छ वा गर्छ भने त्यस्तो निकाय वा व्यक्तिलाई प्रोत्साहन गर्ने,

- अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज हुनेगरी वरिपरिको वातावरणलाई विकास गर्न र सञ्चार तथा सूचना प्रणालीको विकास गर्न सहयोग गर्ने प्रविधिको उत्पादन र प्रवर्द्धन गर्ने ।

**सबैका लागि खुला गरिएका सेवा सुविधा भनेको के हो ?**

सबैका लागि खुला गरिएका वा सर्वसाधारण सबैले उपयोग गर्न मिल्नेगरी खुला गरिएका सेवा सुविधा भन्नाले मनोरञ्जन गर्न जाने पार्क, नाचघर, सिनेमा हल, बगैँचा, सार्वजनिक शौचालय, खेल मैदान, सभा-सम्मेलनहरू गर्ने ठाउँ, सबै सरकारी कार्यालयहरू, होटेल, बजार वा किनमेल गर्ने ठाउँहरू, सडक, अस्पताल, बैङ्कहरू, विद्यालय, क्यापस, विश्वविद्यालय, मठ मन्दिर, तालिम दिने ठाउँहरू, यातायातका साधन, टेलिफोन सेवा, टेलिभिजन सेवा, इन्टरनेट सेवा, सार्वजनिक धारा आदि हुन् ।

## धारा १० : बाँच्न पाउने अधिकार

- हरेक व्यक्तिलाई बाँच्न पाउने अधिकार हुनेछ र अपाङ्गता भएका व्यक्तिलाई समेत यो अधिकार छ । अपाङ्ता भएका व्यक्तिहरूलाई अरू मानिसहरू जत्तिकै बाँच्ने अधिकार छ भन्ने कुरा सबै देशले स्वीकार्नुपर्छ र यसलाई निश्चित गर्नुपर्छ ।

## धारा ११ : आपतकालको अवस्था

लडाइँ, आतङ्कवादी हमला, बाढी, पहिरो, भूकम्प, महामारी जस्ता खतरनाक र आपतकालका बेलामा अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह नै सुरक्षित हुन पाउने अधिकार छ । तसर्थ, यस्तो बेलामा देशहरूले अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षा र संरक्षणका लागि विशेष उपायहरू अपनाउनुपर्छ ।

## धारा १२ : कानुनद्वारा समान व्यवहार गरिने

- कानुनका अगाडि अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह समानरूपमा पूर्ण

व्यक्तिको मान्यता दिने कुरा देशहरू स्वीकार गर्छन् र यसलाई सुनिश्चित गर्छन् ।

- आफूलाई अन्याय पर्दा वा अन्य विभिन्न परिस्थितिहरूमा अरू व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूले आफूले चाहेको बेलामा कानुनले तोकेका अधिकार र व्यवस्थाहरूको समानरूपमा प्रयोग गर्न पाउँछन् । यस्ता व्यवस्था र अधिकारहरूको प्रयोगमा उनीहरूलाई कुनै रोकावट, अवरोध वा वाधा नहुने कुरा देशहरूले सुनिश्चित गर्नुपर्छ ।
- यस्ता कानुनले तोकेका अधिकार, सेवा र व्यवस्थाहरूको प्रयोग गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै विशेष सहयोग चाहिएमा वा विशेष व्यवस्था गर्नुपर्ने भएमा देशहरूले अनिवार्यरूपमा गर्नुपर्छ ।
- कानुनी सेवा र कानुनले दिएका अधिकारहरू प्रयोग गर्दा व्यक्तिको आवश्यकता, इच्छा र चाहनालाई सम्मान गरिनुपर्छ । अपाङ्गताको अवस्थालाई पनि ध्यान दिइनुपर्छ । कुनै पनि प्रकारको अनुचित दवावमा पार्न पाइँदैन ।
- अपाङ्गता भएका व्यक्तिहरूले अन्यसरह आफ्नो नाममा सम्पत्ति राख्न, विभिन्न पेशा व्यवसाय गर्न, बैंकमा खाता खोलेर कारोवार गर्न, आफ्नो कमाइ कहाँ कसरी खर्च गर्ने भन्ने कुराको निर्णय आफैँ गर्न, ऋण लिन, अपुताली पाउनेदेखि लिएर धितो बन्धक जस्ता सबै कारोवारमा समान अधिकार छ ।

## धारा १३ : न्याय पाउने

- अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिसरह न्यायका लागि अदालतमा जाने अधिकार हुन्छ । अरूलाई अदालत लैजाने वा अन्य व्यक्तिसरह अदालतमा के भइरहेको छ भन्ने थाहा पाउने र त्यसमा भाग लिने समान अधिकार हुन्छ । अपाङ्गता भएका व्यक्तिहरू अन्यसरह साक्षी बस्न पाउँछन् । यस्ता अधिकारको प्रयोग गर्न र कानुनी सेवा लिन कुनै प्रकारको विशेष वा थप सहायता चाहिएमा देशहरूले त्यो व्यवस्था गर्नुपर्छ ।
- देशहरूले अदालत, प्रहरी कार्यालय र झ्यालखानाका कर्मचारीहरूलाई अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताका विषयमा विशेष तालिम दिने व्यवस्था गर्नुपर्छ ।

## धारा १४ : स्वतन्त्र र सुरक्षित रहन पाउने

- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूले पनि स्वतन्त्रता र सुरक्षाका सबै

अधिकारहरू उपयोग गर्न पाउने कुरा देशहरूले सुनिश्चित गर्नुपर्छ ।

- अपाङ्गता भएकै कारणले कुनै व्यक्तिलाई थुनामा राख्न वा उसका व्यक्तिगत स्वतन्त्रताहरू खोसेर राख्न पाइँदैन । अर्थात, उसलाई हिँडडुल गर्न, विचार राख्ने, अन्यसरह अवसरहरू लिने जस्ता स्वतन्त्रताहरूबाट अलग राख्न पाइँदैन । तर, कानुनले कुनै विशेष कारण वा परिस्थितिमा यसो गर्न भनेको छ भने गर्न पाइन्छ ।

- यदि अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनले भनेबमोजिम कुनै कारणवश थुनामा राखिएको छ भने उनीहरूलाई थुनामा राखेको अवस्थामा यस महासन्धिमा भने बमोजिम उपयुक्त अनुकूलताका सुविधा दिने लगायत अन्तर्राष्ट्रिय कानुनमा भनिए बमोजिमका व्यवस्था अनुसार व्यवहार गरिनुपर्छ ।

- अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्य व्यक्तिहरूलाई जति नै अन्तर्राष्ट्रिय कानुनमा तोकिए अनुसारको अधिकार हुनेछ । यो महासन्धिमा ती अधिकारहरूको सूची उल्लेख गरिएको छैन तर तिनलाई यसरी समेटिएको छ :

  – *अधिकार सम्बन्धमा दिने सूचनाहरू सबैको पहुँच पुग्नेखालको माध्यममा दिइनेछ,*

  – *अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित मुद्दामा अदालतमा स्वतन्त्र सुनुवाइ गर्दा उसको पूरापूरी पहुँच पुऱ्याउन चाहिने आवश्यक सबै सहयोग गरिनेछ ।*

  – *उनिहरूको मुद्दा पनि अन्य व्यक्तिहरूको सरह पुनरावलोकन गरिनेछ ।*

## धारा १५ : अमानवीय यातना दिन र अमानवीय व्यवहार गर्न नपाइने

- अपाङ्गता भएका व्यक्तिलाई यातना दिन वा कुनै पनि प्रकारको अमानवीय व्यवहार गर्न वा अपमान गर्न पाइँदैन ।

- अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्र सहमति नभएसम्म जवरजस्ती उनीहरूमाथि कुनै पनि प्रकारको वैज्ञानिक प्रयोगहरू, जस्तै : औषधिमूलोको अनुसन्धान आदि गर्न पाइँदैन ।

- औषधि उपचारका नाममा उनीहरूलाई कुनै पनि प्रकारको प्रयोग जबरजस्ती भोग्न बाध्य गराउन पाइँदैन ।

- अरू व्यक्तिहरूसरह नै अपाङ्गता भएका व्यक्तिहरूलाई पनि यातना वा अमानवीय

व्यवहारबाट असर पुगेको छैन भन्ने कुराका लागि देशहरूले हरसम्भव कार्यहरू (जस्तै : व्यवस्थापन मिलाउने, कानुन बनाउने, प्रशासन, कर्मचारी र अरू आवश्यक उपाय) गर्नुपर्ने छ ।

## धारा १६ : नराम्रो व्यवहार, हिंसा, अनुचित प्रयोग र शोषण हुनेछैन

- देशहरूले अपाङ्गता भएका व्यक्तिलाई घरभित्र र बाहिर दुवै ठाउँमा हिंसा र शोषणमा पर्न वा अनुचित प्रयोगको शिकार हुनबाट जोगाउन आवश्यक नियम र कानुनहरू निर्माण गरी लागू गर्नै पर्छ ।
- यसो गर्दा महिला वा पुरूष भएकै कारणबाट हुने हिंसाका कुरालाई समेत ध्यान दिनुपर्छ । त्यो कामका लागि आवश्यक व्यवस्था मिलाउने, कानुन बनाउने, कर्मचारीलगायत सबैलाई शिक्षा तथा चेतना दिनेलगायतका उपाय अपनाउनुपर्छ । यसो गर्दा उमेर, लिङ्ग र अपाङ्गताको प्रकारले पर्ने फरकलाई ध्यान दिनुपर्छ ।
- देशहरूले अपाङ्ता भएका व्यक्तिहरूमाथि हुने हिंसा, दुर्व्यवहार र अपमानका घटनाहरूको पहिचान गर्न र रोक्नका लागि सबै उपाय अपनाउनुपर्छ र यस विषयमा जनता र आफ्ना सम्बन्धित निकायका कर्मचारीलाई शिक्षित बनाउनुपर्छ ।
- देशहरूले अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने शोषण र हिंसा रोक्न गरिएका सबै व्यवस्था राम्रोसँग कार्यान्वयन भएका छन् कि छैनन् भनेर राम्रोसँग अनुगमन गर्नुपर्छ । उनीहरूले प्राप्त गर्ने सेवाहरूमा पनि त्यस्तो किसिमको शोषण हुनबाट रोक्नुपर्छ र यस्तो शोषण नभएको निश्चित गर्नुपर्छ ।
- देशहरूले शोषणमा परेका अपाङ्गता भएका व्यक्तिहरूलाई उमेर र लिङ्ग अनुकूल हुनेगरी आवश्यक र उचित सहयोग र सहायता दिनुपर्छ । उनीहरूलाई सुरक्षित राख्नुपर्छ र शोषण र हिंसाका कारणले असामान्य अवस्थामा पुगेका व्यक्तिलाई पुनः पहिलेकै जस्तो सामान्य अवस्थामा आउन आवश्यक सहयोग गर्नुपर्छ ।
- देशहरूले शोषणका घटनाको खोजी गर्ने र पत्ता लगाउने उपयुक्त बाटाहरू निर्माण गर्नुपर्ने छ र शोषकलाई अदालतमा उभ्याउने सुनिश्चित गर्नुपर्छ ।
- शोषण र हिंसाका घटनाहरू रोक्ने, हुन नदिने वा भएकालाई न्याय दिने काममा महिला र बालबालिकामाथि हुने शोषण र हिंसालाई देशहरूले विशेष ध्यान दिनुपर्छ ।

## धारा १७ : अपाङ्गता भएका व्यक्तिहरूलाई प्रथमतः मानिस हुन् र उनीहरू अरूसरह पूर्ण छन् भनेर व्यवहार गरिने

- अपाङ्गता भएका व्यक्तिहरूको बौद्धिक अवस्था र शरीर उनीहरूको आफ्नै हो, उनीहरू जे जस्तो अवस्थामा छन्, त्यसैमा उनीहरू एक पूर्ण व्यक्ति हुन् र उनीहरूको अन्य व्यक्तिहरूसरह सम्मान हुनै पर्छ । उनीहरूको शारीरिक वा मानसिक अवस्थालाई खण्डित गरेर व्यवहार गर्न पाइँदैन ।

## धारा १८ : एक ठाउँबाट अर्को ठाउँमा जाने, घुमफिर गर्न पाउने र राष्ट्रियता परिवर्तन गर्न पाउने

अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह आफ्नै देशभित्र वा बाहिर एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्ने वा आवत जावत गर्न पाउने पूरा अधिकार हुनेछ । उनीहरूलाई अन्य व्यक्तिसरह राष्ट्रियता रोज्ने अधिकार हुनेछ । यस बाहेक अरू निम्न अधिकारहरू पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि देशहरूले सुनिश्चित गर्नुपर्छ :

- कहाँ बस्ने, कहाँ सर्ने भन्ने विषयमा अरूसरह निर्णय लिन पाउने,
- अन्यसरह आफू रहेको देशको नागरिकता प्राप्त गर्न पाउने,
- अन्यसरह एउटा देशको नागरिकता त्यागेर अर्को देशको नागरिकता लिन पाउने,
- अपाङ्गता भएकै कारण त्यस्ता अधिकार देशहरूले खोस्न नपाउने,
- आफ्नो देशभित्र वा देशबाहिर आवत जावत गर्न पाउने अधिकारहरू अरू व्यक्तिहरूसरह उपयोग गर्न पाउने,
- देश छाड्ने र अर्को देशमा बसोवास गर्न पाउने,
- अपाङ्गताका आधारमा कुनै देशले कसैलाई प्रवेश गर्नबाट रोक्न नपाउने,
- अन्य बालबालिकासरह अपाङ्गता भएका बालबालिकाको जन्मदर्ता गर्न पाउने अधिकार र नाम वा पहिचान पाउने अधिकार हुन्छ ।
- सम्भव भएसम्म हरेक अपाङ्गता भएका बालबालिकालाई आफ्ना अभिभावक को हुन् भन्ने कुरा जान्ने र उनीहरूबाटै स्याहार सुसार र रेखदेख पाउने अधिकार छ ।

## धारा १९ : स्वनिर्भर वा आफ्नो निर्णयमा जीवन बाँच्न पाउने र समुदायमा बस्न पाउने

देशहरूले अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिसरह आफ्नो निर्णय र छनौटमा आफ्नै समुदायमै जीवन बाँच्न पाउने अधिकार छ भन्ने कुरा स्वीकार गर्छन् र तल उल्लेख गरिएका कुराहरू समेत सुनिश्चित गर्नेछन् :

- अन्यसरह अपाङ्गता भएका व्यक्तिले कहाँ र कसको साथमा बस्ने भन्ने बरेमा स्वतन्त्र निर्णय गर्न पाउँछन् ।
- उनीहरूलाई कुन खास तोकिएको ठाउँमा बस्न बाध्य पार्न पाइँदैन, जस्तै : कुनै छात्रावास (होस्टेल) वा अपाङ्गता भएका व्यक्तिलाई मात्र राख्न बनाइएको त्यस्तै आवासगृह ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको इच्छाविपरीत समुदायबाट अलग राख्न पाइँदैन ।
- यसरी समुदायबाट अलग्याउने कामलाई देशहरूले रोक्नुपर्छ ।
- उनीहरूलाई समुदायमा समावेश गर्न आवश्यक पर्ने सबै सहयोग, जस्तै : व्यक्तिगत सहयोगी, सहायक सामग्री, समुदायस्तरबाट प्राप्त हुन सक्ने सेवाहरू, मैत्रीपूर्ण बसोवासका सुविधाहरू, औषधि उपचार, परामर्श, थेरापी लगायतका पुनःस्थापना सेवाहरू उपलब्ध हुनुपर्छ ।
- समुदाय तहमा अरू मानिसहरूलाई दिइएका सबै सेवा सुविधा र अवसरहरू अपाङ्गता भएका व्यक्तिहरूलाई समान आधारमा दिइनुपर्छ ।

## धारा २० : हिँडडुल गर्न पाउने

देशहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्यसरह स्वतन्त्र र स्वनिर्भर भएर हिँडडुल गर्न मिल्ने वातावरण बनाउन सक्दो प्रयास गर्नेछन् । यसका लागि निम्न लिखित कुरा समेत गर्नेछन् :

- हिँडडुलका लागि स्वनिर्भर हुन आवश्यक पर्ने सबै सहयोगहरू दिने ।

**अपाङ्गता भएका व्यक्तिका आवश्यकता अनुसार भन्नाले निम्न कुरा बुझाउँछ**

- अपाङ्गताको अवस्था र गम्भीरता अनुसार मिल्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई उपयोगमा सजिलो लाग्ने र उनीहरूले चाहेको बेलामा प्राप्त गर्ने ।
- उनीहरूको स्वास्थ्यमा हानी नपुऱ्याउने ।

यस्ता सहयोग र सेवाहरू उनीहरूले चाहे जस्तो तरिकाका वा उनीहरूको आवश्यकता अनुसार हुनुपर्छ ।

- यसका लागि सहयोगी सामग्री वा हिँडडुलका लागि प्रयोग गरिने सरसमानको मूल्य सस्तो, धान्न सकिने वा निःशुल्क हुनुपर्छ ।
- हिँडडुलका तरिका सिकाउनेसम्बन्धी तालिम दिने,
- यसरी अपाङ्गता भएका व्यक्तिहरूको हिँडडुलमा सहयोग पुऱ्याउने सामान, उपकरण र प्रविधिहरू निर्माण गर्ने वा यस विषयमा अध्ययन र अनुसन्धान गर्ने व्यक्ति, निकाय वा संस्थाहरूलाई त्यस्ता काम गर्दा अपाङ्गता भएका व्यक्तिका वास्तविक आवश्यकता र उनीहरूका सबै पक्षमा ध्यान दिन प्रोत्साहन गर्ने ।

**सहयोगी सामग्री भन्नाले निम्न कुरा बुझाउँछ**

- हिडडुलका लागि प्रयोग हुने लठ्ठी, बैशाखी, ह्वीलचियर (गुड्ने खालको मेच), क्यालिपर, कृत्रिम खुट्टा, विशेष प्रकारको जुत्ता आदि,
- कृत्रिम हात, विशेष प्रकारको मेच वा टेबल आदि,
- न्यूनदृष्टि भएका व्यक्तिहरूले पढ्दा प्रयोग गर्ने अक्षर ठूलो देखाउने शिशा (magnifier), धेरै शक्ति भएको चश्मा आदि,
- दृष्टिबिहीन व्यक्तिहरूले प्रयोग गर्ने ब्रेल मेमो, ब्रेल लिपि खोप्ने सामग्री, कागज, हिडडुल गर्दा उपयोग गरिने सेतो छडी, ब्रेल प्रिन्टर, विद्युतबाट चल्ने ब्रेल मेसिन, कम्प्युटरमा काम गर्न उपयोग गरिने विशेष प्रकारको सफ्टवेयर आदि ।

## धारा २१ : आफ्ना विचारहरू राख्न पाउने, आफूले चाहको कुरा भन्न पाउने र सूचना पाउने

- देशहरूले अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूको पनि सूचनाको खोजी गर्ने, सूचना पाउने र आफूलाई भन्न मन लागेका कुरा भन्न पाउने अधिकार सुनिश्चित गर्नेछन् ।
- अपाङ्गता भएका व्यक्तिहरूले आफूले रोजेको तरिका र माध्यमबाट सूचना लिन-दिन वा सञ्चार गर्न पाउँछन् र यो कुरा देशहरूले सुनिश्चित गर्नुपर्छ ।

यसबाहेक देशहरूले तल लेखिएका थप कामहरू पनि गर्नुपर्छ :

- अपाङ्गता भएका व्यक्तिहरूलाई सञ्चार गर्न वा सूचना लिन वा दिन उपयुक्त हुने ढाँचामा सूचना उपलब्ध हुनुपर्छ ।
- साङ्केतिक भाषा, ब्रेल र अन्य उपयुक्त माध्यममा सूचनाहरू दिनुपर्ने छ, र
- अरू सेवा दिनेहरूलाई पनि अपाङ्गता भएका व्यक्तिहरूलाई समेत हुनेगरी कसरी सूचनाहरू उपलब्ध गराउने भन्ने बारेमा सिकाउने र निर्देशनहरू दिनुपर्ने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई सूचना लिन र दिन अनि सञ्चार गर्न सजिलो र सहज हुने प्रविधिलाई प्रोत्साहन र विकास गर्नुपर्छ ।
- पहुँचयुक्त सूचना दिनका लागि इन्टरनेटलगायतका माध्यमको प्रयोग गर्ने,
- साङ्केतिक भाषाको प्रयोगलाई मान्यता दिएर त्यस्तो भाषासम्बन्धी तालिमका लागि सहयोग दिनुपर्छ ।

## धारा २२ : गोपनीयताको सम्मान

- अरू व्यक्तिहरूलाई जस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई नितान्त निजी जीवन जिउने अधिकार हुनेछ र त्यसमा कसैले हस्तक्षेप गर्न पाउने छैन, जस्तै : घर परिवार, चिठीपत्र, निजी तथा व्यक्तिगत कुराहरू आदि ।
- देशहरूले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य र पुनःस्थापना बारेका व्यक्तिगत सूचनाहरू गोप्य रहने कुरा सुनिश्चित गर्नुपर्छ वा अन्य व्यक्तिहरूको जस्तै सुरक्षित/गोप्य राख्नुपर्छ ।

## धारा २३ : घरबार र परिवार हुने कुराको सम्मान

- अन्य व्यक्तिसरह सबै अपाङ्गता भएका व्यक्तिहरूलाई विवाह गर्ने वा नगर्ने, परिवार बसाउने, नाता सम्बन्ध कायम गर्ने, बाबु वा आमा हुने समान अधिकार छ ।
- देशहरूले अपाङ्गता भएका व्यक्तिहरूमाथि यस्ता अधिकारहरू उपयोग गर्न रोक लगाइएको छ वा भेदभाव गरिएको छ भने त्यसलाई कानुन बनाएर रोक्नुपर्छ ।

देशहरूले अरू थप निम्न कुराहरू पनि सुनिश्चित गर्नुपर्छ :

- अपाङ्गता भएका व्यक्तिहरूको पनि जोडीको स्वतन्त्र सहमति र इच्छामा विवाह गर्न र

परिवार बसाउने समान अधिकार हुनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरूलाई पनि कतिवटा बच्चा पाउने वा नपाउने, कहिले-कहिले पाउने भन्ने समान अधिकार हुनेछ र इच्छाविपरीत स्थायी नियोजन गर्न नपाइने अधिकार रहने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई परिवार नियोजन र त्यस्तो कुराको निर्णय लिन सहयोग पुग्नेखालका सूचना पाउने पूरा अधिकार रहने छ ।
- देशहरूले अपाङ्गता भएका व्यक्तिहरूका बालबच्चाहरूका निमित्त सहयोग प्रदान गर्ने छन् ।
- अपाङ्गता भएका बालबालिकालाई आफ्नो घर-परिवारबाट छुट्याएर राख्न पाइँदैन र यस्तो कुरा कानुनद्वारा नै सुनिश्चित गर्नुपर्छ ।
- धर्मपुत्र वा धर्मपुत्री बनाउने विषयमा अन्य बालबालिकासरह अपाङ्गता भएका बालबालिकाको सबैभन्दा हित के गर्दा हुन्छ भन्नेमा ध्यान दिइनेछ ।
- अपाङ्गता भएका बालबालिकालाई उनीहरूको सबैभन्दा हित हुनेगरी कानुनले भनेबाहेक अन्य अवस्थामा आफ्ना आमाबाबुबाट अलग गरिने छैन । आमाबाबुमा अपाङ्गता भएका कारणले बालबालिकालाई आमाबाबुबाट अलग्याउँन पाइँदैन ।
- कानुनमा तोकिएको व्यवस्था बाहेक अपाङ्गता भएकै कारण बालबालिकालाई आमाबाबु वा परिवारले छाड्न वा त्याग्न वा लुकाएर राख्न पाइँदैन । देशहरूले यस्ता अभ्यासलाई रोक्नेछन् ।
- अपाङ्गता भएका बालबालिकालाई तिनको सबैभन्दा नजिकको परिवारले पालन पोषण गर्न नसक्ने देखिएमा उनको अरू नजिकको नातेदारको जिम्मा लगाएर पालन पोषण गराउन सकिनेछ । त्यो पनि हुन नसकेमा समुदायभित्रै पारिवारिक वातावरणमै स्याहार सुसार गर्ने व्यवस्था मिलाइनेछ ।

## धारा २४ : शिक्षा लिन पाउने

सबै अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा (पढ्न, लेख्न, तालिम लिन) पाउने अधिकार हुनेछ र यो कुरा देशहरूले सुनिश्चित गर्नेछन् । अरू व्यक्तिसरह सबै अपाङ्गता भएका व्यक्तिहरूले समानरूपमा शिक्षा लिन पाउने अधिकार सुनिश्चित गर्न देशहरूले तल उल्लेखित कामहरू

गर्नुपर्छ :

- देशहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई अरूसरह मुलधारका विद्यालय, कलेज वा शैक्षिक संस्थामा गएर पढ्न पाउने अवसर सुनिश्चित गर्नुपर्छ ।
- अपाङ्गता भएकै आधारमा कसैलाई पनि कुनै पनि प्रकारको शिक्षा लिन पाउने अधिकारबाट अलग्याइने छैन ।
- अपाङ्गता भएका व्यक्तिहरूले अन्यसरह नै स्थानीय विद्यालय वा शैक्षिक संस्थामा गएर राम्रो शिक्षा लिन पाउनेछन् ।
- प्राथमिक वा माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्न पाउनेछन् ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई विद्यालयमा अन्यसरह विभिन्न गतिविधिहरूमा समावेश हुन वा सहभागी हुन, सिक्न र पढ्न आवश्यक पर्ने सबै सहयोगहरू हरसम्भव उपलब्ध गराइनेछ ।
- विद्यालय वा शैक्षिक संस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई सिक्न, पढ्न मद्दत गर्ने ब्रेल लिपि, अन्य बैकल्पिक लिपि, साङ्केतिक भाषा, अन्य उपयुक्त सञ्चारका माध्यमहरू, हिँडडुल गर्न सिकाउने तालिम, दौंतरीबाट सिक्ने कला र अन्य आवश्यक परामर्शहरूलाई सहज बनाउने,
- दृष्टिविहीन, बहिरा, श्रवण-दृष्टिविहीन र त्यसमा पनि विशेष गरेर बालबालिकाहरूलाई सिक्न मद्दत हुने उपयुक्त भाषा र तरिका अपनाउने,
- अपाङ्गताको प्रकृति, गम्भीरता र अवस्था अनुसार सिकाइ आवश्यकता पहिचान गरेर त्यस्ता आवश्यकता अनुसार शिक्षा दिने व्यवस्था गर्ने,
- मानिसहरूलाई साङ्केतिक भाषा सिकाउनु पर्ने र यसलाई बहिरा समुदायको भाषाको रूपमा विकास गर्नुपर्ने,
- शिक्षकहरूसँग अपाङ्गता भएका व्यक्तिहरूको समेत सिकाइ आवश्यकता बुझेर शिक्षा दिनसक्ने सही सीप भएको निश्चित गर्नुपर्छ । त्यसका लागि शिक्षकहरूलाई उपयुक्त तालिम र प्रशिक्षणहरूको व्यवस्था गर्ने र यस्ता प्रशिक्षणहरूमा अपाङ्गतासम्बन्धी चेतना र ज्ञान, अपाङ्गता भएका व्यक्तिहरूसँग सञ्चार गर्ने तरिका, भाषा, माध्यम वा उपायहरू, सञ्चारसम्बन्धी प्रविधिहरू, शिक्षण प्रविधि, बैकल्पिक उपायहरू जस्ता

विषयवस्तु समावेश गर्ने,

- अपाङ्गता भएका व्यक्तिहरूलाई सामान्य शिक्षा लगायत प्रौढ शिक्षा, व्यावसायिक तथा सीपमूलक शिक्षा आदि दिन उपयुक्त सहयोग र अनुकूलता प्रदान गर्नुपर्छ ।

## धारा २५ : स्वास्थ्यको अधिकार

अन्यसरह अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकतम पाउन सक्नेसम्मको स्वास्थ्यको अधिकार हुनेछ । देशहरूले पुनःस्थापनासँग सम्बन्धित स्वास्थ्य सेवाहरू, महिला वा पुरूष भएका नाताले पाउनुपर्ने स्वास्थ्य सेवाहरू, परिवार नियोजनसँग सम्बन्धित स्वास्थ्य सेवाहरूसमेतमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच भएको सुनिश्चित हुनुपर्ने छ ।

अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्यको अधिकार सुनिश्चित गर्न देशहरूले देहाय बमोजिम गर्नुपर्छ :

- अन्य व्यक्तिहरूलाई दिएसरह र स्तरकै स्वास्थ्य सेवाहरू, प्रजनन् स्वास्थ्यसम्बन्धी सेवाहरू, जनसंख्यामा आधारित स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू लगायत अन्य सबै स्वास्थ्य उपचारसम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पनि समान पहुँच सुनिश्चित गर्ने,

- अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गताका कारणले गर्दा आवश्यक पर्ने थप र विशेष स्वास्थ्य सेवा उपलब्ध गराउने, समयमै अपाङ्गता पहिचान गरी र आवश्यक सम्भव हुने उपचार गर्ने र सबै उमेरका अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गताका कारणले भविष्यमा आउन सक्ने थप स्वास्थ्यसम्बन्धी समस्या न्यूनीकरण र रोकथामको थप व्यवस्था गर्ने,

- यस्ता स्वास्थ्यसम्बन्धी सेवा सकेसम्म गाउँसम्म पुग्नेगरी र आफू बसेको समुदाय नजिकै पाउन सक्नेगरी व्यवस्था गर्नुपर्छ ।

- सार्वजनिक वा निजी जुनसुकै क्षेत्रबाट दिइने यस्ता स्वास्थ्य सेवा दिँदा अपाङ्गता भएका व्यक्तिको मानव अधिकार र स्वतन्त्रता हनन् हुनेगरी, उसको इज्जत वा मर्यादामा आँच आउनेगरी दिइनु हुँदैन । यस्ता स्वास्थ्य सेवा अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुकूल हुनुपर्छ । यस्ता विषयमा स्वास्थ्य पेशाकर्मीहरूमा सीप र ज्ञानको विकास गर्न आवश्यक तालिम, प्रशिक्षण र जनचेतना बढाउने कामहरू गर्नुपर्छ ।

- स्वास्थ्यसम्बन्धी पेशाकर्मीहरूले अन्य व्यक्तिहरूलाई जस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई पनि सेवा दिएको सुनिश्चित गर्नुपर्छ ।
- स्वास्थ्यसम्बन्धी सेवा अपाङ्गता भएका व्यक्तिहरूको स्वतन्त्र र सूचित सहमतिमा दिइनुपर्छ । उनीहरूमाथि कुनै किसिमको दवाव दिइनु हुँदैन ।
- देशले यदि स्वास्थ्यसम्बन्धी बीमा वा जीवन बीमासम्बन्धी कानुनहरू बनाएको छ भने त्यसमा अपाङ्गता भएका व्यक्तिलाई कुनै पनि प्रकारको भेदभाव गरिएको हुनुहुँदैन ।
- देशहरूले अपाङ्गता भएकै कारण मानिसहरूलाई स्याहार सुसार, स्वास्थ्य उपचार, खानपानमा भेदभाव गर्ने वा अस्वीकार गर्ने प्रवृत्ति, अभ्यास वा व्यवहारलाई निषेध गर्नुपर्छ ।

## धारा २६ : अभ्यस्तता र पुनःस्थापनाका लागि आवश्यक सेवा पाउने

देशहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई :

- बढीभन्दा बढी आत्मनिर्भर बनाउन र स्वतन्त्ररूपमा आफ्ना दैनिक कामहरू गर्न सक्षम बनाउन,
- शारीरिक र मानसिक क्षमता विकास गर्न,
- काम गरिखाने व्यावसायिक ज्ञान र सीप हासिल गर्न सक्षम बनाउन,
- जीवनका विभिन्न पक्षमा सहभागी हुन सक्षम र अभ्यस्त तुल्याउन ।

**जीवनका विभिन्न पक्ष भन्नाले**

मानिसले व्यक्तिको रूपमा, परिवारको सदस्यको रूपमा, समुदाय वा समाजको सदस्यको रूपमा, राष्ट्रको सेवकको रूपमा र यस्तै अन्य विभिन्न भूमिकामा रहेर बिताउने जीवनका पक्षहरूलाई बुझाउँछ ।

दौँतरीको सहयोग (आफ्नै जस्तो समस्या भएका साथीहरूबाट लिने सहयोग वा परामर्श) लिनेदेखि लिएर अन्य विभिन्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । यसका लागि स्वास्थ्य, रोजगारी, शिक्षा र सामाजिक सेवाका क्षेत्रहरूमा अभ्यस्तता र पुनःस्थापनासम्बन्धी तल उल्लेख गरिएका कामहरू गर्नेछन् :

- देशहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि यस्ता सेवा सकेसम्म सुरूको अवस्थामै दिनुपर्छ । यस्ता सेवा दिँदा अपाङ्गता भएका

व्यक्तिहरूको आवश्यकता के हो भन्ने कुरामा ध्यान दिनुपर्छ र उनीहरूका हरेक प्रकारका क्षमताहरूको मूल्याङ्कन गरिनुपर्छ ।

- यस्ता सेवाहरू सकेसम्म अपाङ्गता भएका व्यक्तिहरू रहेको समुदाय र उनीहरूले आवश्यक पर्दा पाउन सक्ने गरी नजिकै व्यवस्था गर्नुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापना र अभ्यस्तताका लागि काम गर्ने कर्मचारीहरूलाई कामका बारेमा राम्रो र स्तरीय तालिम दिनुपर्छ र यसलाई निरन्तरता दिइरहनुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापना र अभ्यस्तताका लागि चाहिने सहयोगी सेवा, सहायक सामग्री र उपकरणहरू बनाउने, समुदायस्तरमै उपलब्ध गराउने, नयाँ प्रविधि विकास गर्ने वा नयाँ प्रविधि बाहिरबाट ल्याएर उपयोग गर्ने, सहायक सामग्री र सहयोगी सेवाहरू कसरी प्रयोग गर्ने भन्ने बारेमा तालिम दिने जस्ता काम गर्नुपर्छ ।

**पुनःस्थापनासम्बन्धी सेवाको उदाहरण**

अपाङ्गता भएका व्यक्तिको स्वास्थ्यमा सुधार ल्याउन वा अपाङ्गताका कारणले स्वास्थ्यमा परेको प्रभावलाई सकेसम्म कम गराउन गरिने औषधी उपचार, आवश्यकता अनुसारको सहायक सामग्री दिने, थेरापी सेवाहरू, परामर्श, शल्यक्रिया, कृत्रिम अंग उपलब्ध गराउने, व्यावसायिक सीपहरू सिकाउने जस्ता सेवाहरू ।

**अभ्यस्ततासम्बन्धी सेवाहरूको उदाहरण**

सहायक सामग्री प्रयोग गर्ने सीप दिने, कृत्रिम अंगमा बानी पार्न सिकाउने, थेरापी सेवा लिँदै हिँडडुल गर्न वा अंग चलाउन सिकाउने, दैनिक जीवनका कामहरू आत्मनिर्भर भएर गर्न सिकाउने, सेतो छडी लिएर हिँड्न सिकाउने, साङ्केतिक भाषा, ब्रेल आदि सिकाउने, सञ्चारका नयाँ तरिका र माध्यममा बानी हुन सिकाउने ।

## धारा २७ : काम, रोजगारी वा जागिर, स्वरोजगारी गर्न पाउने

अन्य व्यक्तिसरह नै अपाङ्गता भएका व्यक्तिहरूको पनि काम गरेर खान पाउने अधिकार छ । यस अन्तर्गत :

- श्रम बजारमा आफूलाई उपयुक्त लागेको र स्वतन्त्ररूपमा मनपरेको काम रोजेर गर्न पाउने, र

- खुला, समानरूपमा समावेशी हुनसक्ने र पहुँचयुक्त वातावरणमा काम गर्न पाउने अधिकारसमेत पर्छ ।

यसबाहेक देशहरूले अपाङ्गता भएका व्यक्ति र काम गर्ने क्रममा अपाङ्गता भएका व्यक्ति दुवैको काम गरेर खान पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक कानुनहरू समेत बनाएर तल उल्लेखित कामहरू गर्नुपर्छ :

- कानुन बनाएर अपाङ्गता भएका व्यक्तिलाई समान व्यवहार गर्ने र सम्मानित काममा लगाएको सुनिश्चित गर्ने,
- नियुक्ति, सरुवा, बढुवा, वृत्तिविकास, तलब तथा सुविधा आदिमा अपाङ्गताका आधारमा गरिने भेदभावको अभ्यास र व्यवहारलाई कानुन बनाएर रोक्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको समान कामका लागि समान ज्याला पाउने, सुरक्षित ठाउँमा काम गर्न पाउने, दुराचार र दुर्व्यवहारबाट सुरक्षा पाउने, गुनासाहरूको सुनुवाइ हुने र काम गर्ने ठाउँ अपाङ्गतामैत्री हुने अधिकार कानुन र नीति बनाएर निश्चित गर्ने,
- अरू व्यक्तिहरूसरह नै मजदुर संघ/संगठनमा आबद्ध हुने अधिकार अपाङ्गता भएका व्यक्तिहरूको पनि रहने निश्चित गरिनुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्नो कामसँग सम्बन्धित कार्यक्रम र तालिमहरूमा जान र सक्रियरूपमा सहभागी हुन पाउने कुराको निश्चित हुनुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि काम खोज्ने, काम पाउने, काममा बहाल रहने, काममा फर्कनेलगायत श्रम बजारमा अन्य अवसरहरू खोज्ने कुरामा मद्दत गर्ने,
- अपाङ्गता भएका व्यक्तिलाई आफैं व्यवसाय सुरु गर्न र आवश्यक मद्दत गर्ने,
- अपाङ्गता भएका कामदारलाई सरकारी कार्यालयहरू र सेवाहरूमा काम दिने,
- निजी कम्पनीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूलाई जागिर दिन लगाउने र त्यसका लागि आवश्यक मद्दत गर्ने,
- काम गर्ने ठाउँहरू अपाङ्गता भएका व्यक्तिहरूका निमित्त उपयुक्त र मैत्रीपूर्ण भएको सुनिश्चित गर्ने,
- रोजगारदाताहरूलाई अपाङ्गता भएका व्यक्तिहरूलाई काममा मौका दिनका लागि उत्साहित गर्ने खालका योजना, नीति र कार्यक्रमहरू लागू गर्ने,

- देशहरूले बिनाज्याला अपाङ्गता भएका व्यक्तिलाई दास वा बँधुवा बनाएर काम लगाइने छैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ र यस्तो कार्यलाई कानुन बनाएरै रोक्नुपर्छ ।

## धारा २८ : राम्रो स्तरको जीवन बाँच्न पाउने ।

अपाङ्गता भएका व्यक्ति र तिनको परिवारलाई अन्यसरह राम्रो स्तरको जीवन र बसोवासको व्यवस्था र सामाजिक सुरक्षाको बराबर अधिकार रहने छ र त्यसमा आवश्यकता अनुसार निरन्तर थप सुधारको पनि अधिकार हुनेछ । यस अन्तर्गत पुग्नेगरी खानेकुरा, लत्ताकपडा, वास र सफा पिउने पानीसमेत पर्छन् र यी कुरा अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै किसिमको भेदभाव नगरी उपलब्ध गराउनुपर्छ ।

यसबाहेक देशहरूले अन्य निम्न कुराहरू गर्नुपर्छ :

- अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूलाई पनि स्वच्छ पिउने पानी पाउने व्यवस्था (पहुँच) गरिनुपर्छ । यस्तो पहुँच प्राप्त गर्न आवश्यक उपकरणलगायत अन्य सहयोग गर्नुपर्छ ।

- अपाङ्गता भएका व्यक्तिहरू, त्यसमा पनि विषेश गरी बालिका र केटी (किशोरी) हरू, वृध्द/वृध्दाहरूका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्नुपर्छ । देशहरूले गरिबी घटाउनका लागि गर्ने कामहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समेत समावेश गरेर गर्नुपर्छ ।

- गरीब अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न सहुलियत वा छूट, राहत सेवा, आर्थिक सहयोग दिनुपर्छ ।

- सरकार वा निजी क्षेत्रबाट निर्माण वा सञ्चालन गरिने बसोवाससम्बन्धी कार्यक्रम र योजनाहरूमा, सबैलाई बस्नका लागि भनेर निर्माण गरिने घरहरू आदिमा अपाङ्गता भएका व्यक्तिहरूको समेत सहज पहुँच सुनिश्चित गनुपर्छ ।

- अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्य व्यक्तिहरू जस्तै जागिर सकिएपछिको पेन्सन प्राप्त गर्ने बराबर अवसर हुनुपर्छ ।

## धारा २९ : राजनीति गर्न पाउने

अन्य मानिसहरू जस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई पनि राजनीति गर्ने र राजनीतिक क्रियाकलापहरूमा सहभागी हुने बराबर अधिकार छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिसरह भोट दिन (मतदान गर्न) पाउने, चुनावमा उम्मेदवार हुन पाउने, चुनिएर देश र समाजको सेवा गर्न पाउने, विभिन्न पदमा रहेर काम गर्न पाउने अधिकार हुन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको राजनीति गर्ने अधिकार सुनिश्चित गर्न देशहरूले निम्न लिखित कामहरू गर्नुपर्छ :

- भोट दिने (मतदान गर्ने) तरिका सरल र बुझिने खालको भएको निश्चित गरिनुपर्छ,
- मतपत्र अपाङ्गता भएका व्यक्तिहरूले सजिलै उपयोग गर्न सक्ने हुनुपर्छ । जस्तै : दृष्टिविहीन व्यक्तिहरूले समेत उपयोग गर्न सक्ने ।
- भोट दिन (मतदान गर्न) जाने ठाउँ अपाङ्गता भएका व्यक्तिहरूले बिना अवरोध सजिलैसँग जान सक्ने गरी बनाउनुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूले गोप्यरूपमा भोट खसाल्न (मतदान गर्न) पाउने व्यवस्था गर्नुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक परेको खण्डमा उनीहरूले चाहे अनुरूप भोट खसाल्नका लागि चाहिने सहयोगका लागि स्वीकृति दिनुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूले आफ्नै संगठनहरू खोलेर काम गर्न पाउने, गैर सरकारी संस्था र राजनीतिक दलहरूमा संलग्न हुन पाउने कुरा निश्चित गर्नुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूले सबैखाले संगठनमा आवध्द हुनसक्ने कुरा सुनिश्चित गरिनुपर्छ ।

## धारा ३० : चाडबाड मनाउन पाउने र खेलकुद तथा मनोरञ्जनमा भाग लिन पाउने

अन्य व्यक्तिहरूसरह जतिसक्दो धेरै अपाङ्गता भएका व्यक्तिहरूको पनि आफ्नो संस्कृति, चाडबाड मान्न पाउने, खेलहरू खेल्न पाउने र मनोरञ्जन गर्न पाउने अधिकार छ ।

देशहरूले यो कुरा निश्चित गर्न तल लेखिएका कामहरू गर्नेछन् :

- संस्कृति, चाडबाड र मनोरञ्जनका लागि किताब वा पत्रपत्रिका आदि पढ्नका लागि पुस्तकालय सबै अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न सक्ने हुनुपर्छ ।
- टेलिभिजनमा आउने कार्यक्रम सबै अपाङ्गता भएका व्यक्तिले हेर्न र बुझ्न मिल्ने

बनाउनुपर्छ ।

- सिनेमा हल र नाटक देखाउने वा नाचगान गर्ने ठाउँहरू अपाङ्गता भएका व्यक्तिहरू सहजै पुग्नसक्ने र उपयोग गर्नसक्ने बनाउनुपर्छ ।
- संग्रहालयहरू अपाङ्गता भएका व्यक्तिहरूले सजिलै जान सक्ने गरी बनाउनुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिलाई कवि-कलाकार हुने, आफ्नो सांस्कृतिक क्षमता देखाउने र समाजका लागि योगदान गर्ने बराबर मौका दिनुपर्छ ।
- नियम र कानुनले अपाङ्गता भएकाहरूका लागि किताब वा सिनेमा जस्ता कुराहरू पहुँचयुक्त हुनुपर्ने कुरामा कुनै बाधा गर्ने छैनन् ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई आफूले सिर्जना गरेका कला र कृतिहरूमा आफ्नो बौद्धिक अधिकार प्राप्त गर्न कुनै कानुनले रोक्न पाउँदैन ।
- बहिरा संस्कृति र अन्य संस्कृति समान हुनेछन् र बहिराहरूको सांकेतिक भाषाले भाषाको मान्यता पाउनुपर्छ ।
- साधारण खेलकुदहरूमा सहभागी हुन अपाङ्गता भएका व्यक्तिहरूका लागि सजिलो वातावरण बनाउनुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि खेल्न सजिलो र उपयुक्त हुने खेलकुदको विकास गर्ने, आयोजना गर्ने गर्नुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूसमेत सहभागी भएर खेल्न मिल्ने खेलहरूको विकास गर्ने, आयोजना गर्ने र त्यसलाई प्रचार गर्ने गर्नुपर्छ ।
- मनोरञ्जनस्थल र पर्यटकहरूका लागि निर्माण गरिने ठाउँहरूमा अपाङ्गता भएका व्यक्तिहरू सजिलैसँग जान सक्ने हुनुपर्छ ।
- विद्यालयभित्र हुने विभिन्न प्रकारका खेलकुद, मनोरञ्जनका क्रियाकलापहरू, अतिरिक्त क्रियाकलाप र विभिन्न प्रतियोगिताहरूमा अपाङ्गता भएका बालबालिकाको बराबर सहभागिता र पहुँच सुनिश्चित गर्ने ।

## धारा ३१ : अपाङ्गतासम्बन्धी सूचना र तथ्याङ्क

यो महासन्धि लागू गर्न आवश्यक पर्ने सबैखाले सूचना र तथ्याङ्कहरू देशहरूले संकलन गर्नुपर्ने छ । यसबाहेक तल लेखिए अनुसारसमेत गर्नुपर्छ :

- व्यक्तिगत सूचनाहरू गोप्य र निजी रहनै पर्नेछ । अपाङ्गता भएका व्यक्तिका व्यक्तिगत सूचनाहरूको दुरूपयोग गर्न पाइँदैन र यस्तो कुरा कानुनमै व्यवस्था गर्नुपर्छ ।
- सूचनाहरूको प्रयोगमा राष्ट्रिय र अन्तर्राष्ट्रिय नियम कानुन र मानव अधिकारसम्बन्धी कानुनहरूमा व्यवस्था (उल्लेख) भए अनुसार गर्ने कुरा सुनिश्चित गर्नुपर्छ ।
- सङ्कलित सूचना र तथ्याङ्कहरूलाई अपाङ्गता भएका व्यक्तिहरूले भोगेका समस्या र अवरोधहरू पहिचान गरी तिनको समाधान गर्न प्रयोग गरिने छ ।

## धारा ३२ : अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्राप्तिका लागि विभिन्न देशले मिलेर काम गर्ने

यो महासन्धिलाई स्वीकार गरेर लागू गर्ने देशले महासन्धिमा उल्लेख गरिएका अधिकार अपाङ्गता भएका व्यक्तिलाई दिलाउन एक अर्कामा मिलेर र एक अर्कालाई सहयोग गरेर काम गर्नुपर्छ :

देशहरूले -

- अपाङ्गता भएका व्यक्तिहरूलाई समेत सहभागी गराएर मिलिजुली गरेर काम गर्ने कुरा सुनिश्चित गर्ने छन् ।
- सबैले एकदम राम्रोसँग काम गर्न सकून भन्नका लागि सूचना आदान प्रदान गर्ने, अनुभव बाँड्ने र तालिम चलाउने काम सुनिश्चित गर्नुपर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूले चलाएका संस्थाहरूको विकास गर्दै उनीहरूसँग साझेदारी गरेर काम गर्ने,
- अपाङ्गतासम्बन्धी अध्ययन र अनुसन्धानका काम गर्ने,
- नयाँ प्रविधिको विकास, प्रचार र प्रयोगका लागि काम गर्ने,
- सहायक सामग्री, अपाङ्गता भएका व्यक्तिलाई आफ्नो अधिकार प्राप्त गर्न सहयोग पुर्‍याउने प्रविधि, उपकरण आदिको विकास गर्न सहयोग गर्ने र भएका प्रविधिहरू आदान प्रदान गर्ने ।

## धारा ३३ : महासन्धिलाई व्यवहारमा ल्याउने वा कार्यान्वयन गर्ने

देशहरूले -

- आफ्ना विभिन्न निकायहरूमा अपाङ्गताको विषय हेर्ने छुट्टै निकाय गठन गर्ने,

- राष्ट्रियस्तरमा अपाङ्गतासम्बन्धी काम गर्ने र विभिन्न निकायबीच समन्वय गर्ने एउटा छुट्टै निकाय निर्माण गर्ने,
- महासन्धिमा लेखिएका (उल्लेख गरिएका) अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूले पाइरहेका छन् कि छैनन् भन्ने कुराको निरन्तर निगरानी र अनुगमन गर्ने उपायहरू निर्माण गर्ने र त्यसका लागि प्रणाली (संयन्त्र) बनाउने,
- यस महासन्धिमा उल्लेख गरिएका अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूले पाइरहेका छन् कि छैनन् भनेर हेर्ने, अनुगमन गर्ने वा निगरानी गर्ने काममा अपाङ्गता भएका व्यक्ति वा उनीहरूले सञ्चालन गरेका संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराउनुपर्छ ।

## धारा ३४ : अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति (सीआरपीडी समिति)

यस महान्धिलाई स्वीकार गरी लागू गर्ने सबै देश मिलेर एउटा समिति चयन गर्नेछन् । यो समिति संयुक्त राष्ट्रसंघमा हुनेछ । त्यसलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति भनिने छ । यस समितिलाई हाल सीआरपीडी समिति पनि भनिन्छ । यो समितिले विभिन्न देशले महासन्धिलाई कसरी लागू गरिरहेका छन् वा छैनन् भन्ने कुरा हेर्छ । महासन्धि ठिक तरिकाले लागू भइरहेको छ कि छैन, अपाङ्गता भएका व्यक्तिहरूले महासन्धिमा उल्लेख गरिएका अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूले पाइरहेका छन् कि छैनन् भनेर हेर्छ र सम्बन्धित देशहरूलाई खबरदारी गर्छ ।

यो समिति राष्ट्रसंघको साधारणसभाले चयन गर्छ र यस समितिमा बढीमा १८ जनासम्म सदस्य रहन्छन् । विभिन्न देशले आफ्ना योग्य नागरिकमध्येबाट मनोनयन गरी समितिमा निर्वाचित हुन योग्य उम्मेदवार भनी पठाएका व्यक्तिमध्येबाट यस्तो समितिको निर्वाचन गरिन्छ ।

## धारा ३५ : देशहरूले राष्ट्रसंघलाई बुझाउने प्रतिवेदन

यो महासन्धि लागू गर्ने देशहरूले आफूले आफ्नो देशमा कसरी महासन्धि लागू गरेँ र त्यसबाट अपाङ्गता भएका व्यक्तिहरूलाई के कति फाइदा भयो र उनीहरूलाई अधिकार दिलाउन सरकारले के के प्रयासहरू गर्‍यो भन्ने बारेमा एउटा निश्चित अवधिमा प्रतिवेदन तयार गरी राष्ट्रसंघको सीआरपीडी समितिमा पेश गर्नुपर्छ ।

- प्रत्येक देशले आफ्नो देशमा यो महासन्धि लागू गरेको २ वर्षभित्र एउटा प्रतिवेदन तयार पारी सीआरपीडी समितिलाई पठाउनु पर्नेछ,

- त्यसपछि प्रत्येक देशले ४-४ वर्षमा प्रतिवेदन पठाउनुपर्ने छ । त्यसैगरी यदि सीआरपीडी समितिले मागेको खण्डमा अतिरिक्त (थप) प्रतिवेदन (रिपोर्ट) पनि पठाउनुपर्ने छ ।

- देशहरूले प्रतिवेदनमा के सूचना र तथ्यहरू राख्ने भन्ने बारेको निर्णय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी सीआरपीडी समितिले गर्नेछ ।

- प्रतिवेदनमा महासन्धि लागू गर्न वा यसमा उपलब्ध गराउने भनिएका (उल्लेख गरिएका) अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूलाई दिलाउन के के समस्या परेको छ वा के कुराले रोकिएको छ भन्ने कुराहरू पनि लेख्न (उल्लेख गर्न) पाइन्छ ।

## धारा ३६ : प्रतिवेदनहरू पेश गरेपछि के हुन्छ ?

सीआरपीडी समितिले प्रत्येक देशले पठाएका प्रतिवेदन विस्तृतरूपमा अध्ययन गर्छ । प्रतिवेदनहरू हेरेर प्रत्येक देशलाई आगामी दिनमा महासन्धिलाई अझ राम्रोसँग कसरी लागू गर्ने भन्ने बारेमा लिखित सुझावहरू पठाउँछ । यसरी पठाइएका सल्लाह र सुझावहरूमा देशहरूले कुनै जवाफ दिन चाहेमा दिन सक्छन् ।

- यदि कुनै देशले प्रतिवेदन पठाउन निकै ढिला गरेमा सीआरपीडी समितिले त्यो देशको सरकारलाई चेतावनी दिन सक्छ र ३ महिनाको समय दिन सक्छ । यदि दिएको म्यादभित्र पनि प्रतिवेदन पेश नगरेमा त्यस्तो देशमा के भइरहेको छ भनेर जाँचबुझ गर्ने काम पनि सीआरपीडी समितिले गर्न सक्छ ।

- समितिले पठाएका प्रतिवेदनहरू सबै देशले हेर्न पाउँछन् र राष्ट्रसंघका महासचिवले प्रतिवेदनहरू सम्बन्धित देशहरूमा पठाउनेछन् ।

- हरेक देशले आफ्ना देशका सर्वसाधारणलाई र सरोकारवालालाई प्रतिवेदन हेर्न दिनुपर्ने छ र सो प्रतिवेदनमा सीआरपीडी समितिले के के सुझाव दिएको छ भन्ने बारेमा पनि हेर्न पाउनुपर्छ ।

- सीआरपीडी समितिले प्रतिवेदनलाई आवश्यक परेको खण्डमा सल्लाह, सुझाव र मद्दतका लागि विभागहरू वा विभिन्न संस्थाहरूमा समेत पठाउन सक्छ ।

- देशहरूले प्रतिवेदनका सम्बन्धमा कुनै सुझाव वा प्राविधिक सहयोग मागेमा सीआरपीडी समितिले त्यस्तो सहयोग पनि उपलब्ध गराउन सक्नेछ ।

## धारा ३७ : सीआरपीडी समिति र देशहरूले मिलिजुली काम गर्ने

- हरेक देशले समितिसँग मिलिजुली काम गर्ने छन् र आवश्यक पर्ने कुनै पनि सूचना र सहयोग समितिका सदस्यहरूलाई उपलब्ध गराउने छन् ।
- महासन्धिलाई देशहरूमा राम्रोसँग लागू गर्न वा कार्यान्वयन गर्न देशहरूको क्षमता विकास गर्नुपरेमा अन्तर्राष्ट्रिय सहयोग जुटाउनेलगायत अन्य प्रकारका सहयोगहरू गर्न सक्नेछ ।

## धारा ३८ : सीआरपीडी समितिले अन्य निकायहरूसँग कसरी सम्बन्ध राख्छ ?

- राष्ट्रसंघका अन्य विभिन्न निकायले यो महासन्धि कार्यान्वयनका वारेमा विचार विमर्श गर्दा सीआरपीडी समितिलाई पनि बोलाउनुपर्छ ।
- सीआरपीडी समितिले आवश्यक ठानेको बेला त्यस्ता विभिन्न निकाय, विभागहरू र संघ-संस्थाहरूलाई छलफल र परामर्शका लागि बोलाउन सक्नेछ ।
- समितिले अन्य मानव अधिकारवादी संस्थाहरूलाई पनि उनीहरूको काम कसरी यो सम्झौतामा उल्लेख भएका कुराहरूसँग मेल खान्छ भन्ने बारेमा छलफल गर्न बोलाउन सक्छ ।

## धारा ३९ : समितिको प्रतिवेदन

- सीआरपीडी समितिले आफूले गरेका कामहरूका बारेमा राष्ट्रसंघको महासभामा र आर्थिक तथा सामाजिक परिषद्मा हरेक २-२ वर्षमा प्रतिवेदन पेश गर्नेछ । यसमा विभिन्न देशबाट प्राप्त प्रतिवेदनले दिएका सूचनाहरूका आधारमा सिफारिसहरू पनि गर्न सक्नेछ ।

## धारा ४० : यो महासन्धिलाई स्वीकार गरी लागू गर्ने देशहरूको सम्मेलन वा भेला

- यो महासन्धि लागू गर्ने देशहरू महासन्धिलाई कसरी अझ राम्रोसँग कार्यान्वयन गर्ने भन्ने बारेमा विचार विमर्श गर्न भेला हुने गर्छन् वा त्यस्ता देशको सम्मेलन आयोजना गरिने छ ।
- यस्तो खालको पहिलो भेला वा सम्मेलन यो महासन्धि विश्वमा लागू भएको छ

महिनाभन्दा ढिलो नगरिकन गरिने छ । यसपछिका भेला वा सम्मेलन भने २-२ वर्षमा राष्ट्रसंघका महासचिवले बोलाउने छन् वा त्यस्ता सम्मेलनले निर्णय गरेबमोजिम हुनेछ ।

## धारा ४१ : महासन्धिसँग सम्बन्धित लगत, सूचना, कागजपत्र, प्रतिवेदन आदि राख्ने व्यक्ति

राष्ट्रसंघमा यो महासन्धिको आधिकारिक प्रतिलगायत यससँग सम्बन्धित विभिन्न कामको प्रतिवेदन र सूचनालगायतका विभिन्न कागजपत्र राष्ट्रसंघका महासचिवको जिम्मामा रहने छ ।

## धारा ४२ : महासन्धिमा हस्ताक्षर

देशहरूले ३० मार्च २००७ देखि राष्ट्रसंघको मुख्य कार्यालय न्यूयोर्कमा यो सम्झौतापत्रमा हस्ताक्षर गर्न सक्नेछन् ।

## धारा ४३ : स्वीकृति र अनुमोदन

यो महासन्धिमा हस्ताक्षर वा अनुमोदन गरिसकेपछि देशहरू वा देशहरूका क्षेत्रीय संगठनहरूले राष्ट्रसंघमा औपचारिक जानकारी गराउँने छन् । यस महासन्धिमा कहिले हस्ताक्षर गर्ने वा अनुमोदन गर्ने भन्ने बारेमा देशहरू वा क्षेत्रीय संगठनहरूले आफैँले निर्णय लिन सक्छन् ।

## धारा ४४ : देशहरूको क्षेत्रीय समूह वा संगठन ।

- विभिन्न देशले आपसी हित र विकासका लागि संयुक्तरूपमा काम गर्न संगठन निर्माण गरेका हुन्छन् । त्यस्ता संगठनलाई क्षेत्रीय संगठन भनिन्छ, जस्तैः युरोपियन युनियन, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) आदि ।
- यी संगठन/संस्थाहरूले पनि यो महासन्धिमा हस्ताक्षर र अनुमोदन गर्न सक्छन् ।

## धारा ४५ : महासन्धि लागू हुने

यो महासन्धिमा २० वटा देशले हस्ताक्षर र अनुमोदन दुवै गरिसकेको ३० दिनपछिबाट विश्वभरि लागू हुन्छ ।

## धारा ४६ : आरक्षण रहने

- यो महासन्धिको उद्देश्य र प्रयोजनविपरीत हुनेगरी देशहरूले यो महासन्धिमा आरक्षण राख्न पाउने छैनन् ।

- देशहरूले राखेका आरक्षणहरू कुनै पनि बेला फिर्ता लिन सक्नेछन् ।

## धारा ४७ : महासन्धिमा फेरबदल र थपघट (संशोधन)

- यस महासन्धिलाई लागू गर्ने कुनै पनि देशले यस महासन्धिमा कुनै फेरबदल वा थपघट (संशोधन) गर्नुपर्ने ठानेमा राष्ट्रसंघका महासचिवसमक्ष प्रस्ताव पेश गर्न सक्नेछ ।
- यसरी पेश गरिएको प्रस्तावका बारेमा महासचिवले अरू देशलाई पनि सूचित गराउने छन् र त्यस्तो प्रस्तावमा छलफल गर्न सम्मेलन गर्ने वा नगर्ने भनेर सुझाव लिनेछन् ।
- यसरी सूचित गरेको ४ महिनाभित्र दुई तिहाइ देशले सम्मेलन गरी छलफल चलाउने भनी समर्थन गरेमा सम्मेलन आयोजना गरिने छ ।
- सम्मेलनमा महासन्धिमा संशोधनका लागि गरिएको प्रस्ताव निर्णयका लागि पेश गरिने छ र संशोधनको प्रस्तावमा दुईतिहाइ सदस्यले स्वीकृति दिएमा संशोधन गरिने छ ।

## धारा ४८ : कुनै देश महासन्धिबाट बाहिरिन चाहेमा

कुनै देशले यस महासन्धिबाट बाहिरिन चाहेमा महासचिवलाई पत्र लेख्न सक्छन् । महासचिवले पत्र पाएको मितिबाट १ वर्षपछिदेखि उक्त देश महासन्धिबाट बाहिरिने छ ।

## धारा ४९ : पहुँचयोग्य सूचना

यस महासन्धिलाई विभिन्न अपाङ्गता भएका व्यक्तिलगायत सबैले बुझ्न र पढ्न सजिलो र पहुँचयुक्त हुनेगरी उपलब्ध गराइने छ ।

## धारा ५० : अन्य भाषाहरूमा यो महासन्धि छापिने

यो महासन्धि अरबिक, चिनिया, अंग्रेजी, फ्रान्सेली, रूसी र स्पेनी भाषामा छापिने छ । सबै भाषामा बराबर मान्यता हुनेछ ।

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी), २००६

# इच्छाधीन आलेख

## सजिलो नेपाली संस्करण

# इच्छाधीन आलेख

## सामान्य परिचय

इच्छाधीन आलेखमा राष्ट्रसंघले अपाङ्गता भएका व्यक्तिका गुनासाहरू सुन्न र त्यसको उपयुक्त छानबिन गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ । कुनै देशले यदि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिमा गरिएका व्यवस्था लागू गर्न मानेन, हेलचेक्र्याइँ गर्‍यो वा यसमा गरिएका व्यवस्थाहरूको गम्भीर उलङ्घन गर्‍यो भने त्यस्तो उलङ्घनका कारणले पीडित व्यक्ति वा समूहले यस दस्तावेजमा गरिएको व्यवस्था अनुसार आफ्ना गुनासा सीआरपीडी समितिमा राख्न पाउँछन् । सीआरपीडी समितिलाई यस्ता गुनासको तथ्य बुझ्ने र सम्बन्धित देशमा गई छानबिन गर्न पाउने र आवश्यक सिफारिसहरू गर्ने अधिकार छ । तर, यस इच्छाधीन आलेखमा हस्ताक्षर वा अनुमोदन गर्ने देशका नागरिकले मात्र त्यस्ता गुनासा गर्न पाउँछन् ।

## धारा १

- यस इच्छाधीन आलेखलाई स्वीकार गरेर लागू गर्ने देशहरूले महासन्धिमा उल्लेख भएका व्यवस्थाहरू उलङ्घन गरेका कारणले पीडित भएको कुनै पनि व्यक्ति वा समूहले सीआरपीडी समितिमा गुनासाहरू राख्न पाउँछन् र यस बारेमा सीआरपीडी समितिले सूचनाहरू लिने अधिकार छ ।
- तर, यस इच्छाधीन आलेखलाई स्वीकार नगर्ने देशहरूबाट त्यस्ताखालका सूचना वा गुनासाहरू आए भने सीआरपीडी समितिले ग्रहण गर्नेछैन ।

## धारा २

सीआरपीडी समितिले तल लेखिएका (उल्लेखित) प्रकारका सूचनाहरू स्वीकार गर्दैन -

- कुनै नाम उल्लेख नगरिएको (बेनामी) सूचना,
- महासन्धिको कुनै व्यवस्थासँग मेल नखाने खालको विषय वा सूचना,

- सो सूचना सीआरपीडी समितिले पहिले नै जाँचबुझ गरिसकेको भए वा कुनै अर्को अन्तर्राष्ट्रिय त्यस्तै जाँचबुझ गर्ने अधिकार राख्ने निकायले जाँचबुझ गरेको वा गरिरहेको भए,
- आफ्नै देशमा सम्बन्धित निकायमा गुनासो राखिएको र सबै उपायहरू अपनाई उपचार गर्ने काम नसकिएको वा गर्न बाँकी रहेको,
- सूचना अस्पष्ट र खराब आशयले पठाइएको,
- सम्बन्धित देशले यस इच्छाधीन आलेखलाई स्वीकार गर्नुभन्दा पहिलेको घटनासँग सम्बन्धित सूचना भए ।

## धारा ३

धारा २ मा उल्लेख गरिएको व्यवस्थाको अधीनमा रही अरू स्वीकार गर्न मिल्ने सबै गुनासा र सूचनाहरू सीआरपीडी समितिले स्वीकार गर्नेछ । स्वीकार गरेका गुनासाहरूका बारेमा गोप्यरूपमा सम्बन्धित देशलाई जानकारी गराउनेछ । जानकारी गराएपछि सो देशले छ महिनाभित्र त्यस्तो गुनासोको पहिला देशभित्र कुनै उपचार वा सुनुवाई गरेको भएमा त्यसका बारेमा लिखित जानकारी सीआरपीडी समितिलाई दिनेछ ।

## धारा ४

सूचना प्राप्त भइसकेपछि सूचनाहरूको विश्लेषण गरी अन्तिम निर्णयमा पुग्नु पहिले गुनासो गर्ने पक्षलाई कुनै प्रकारको क्षति नहोस् भनी आवश्यक उपाय अपनाउन सम्बन्धित देशलाई अनुरोध गर्नेछ ।

## धारा ५

प्राप्त गुनासा वा त्यससँग सम्बन्धित सूचनाहरूको छानबिन गर्दा सीआरपीडी समितिको गोप्य बैठक बस्नेछ । छानबिन गरेपछि कुनै सुझावहरू दिनुपर्ने भएमा सम्बन्धित देश र गुनासो गर्ने व्यक्ति वा समूहलाई दिनेछ ।

## धारा ६

- कुनै देशले लगातार महासन्धिमा भएका व्यवस्थाहरूको गम्भीर उलंघन गरेको सूचना सीआरपीडी समितिलाई प्राप्त भएमा यस विषयमा समितिले छानबिन गर्न सक्नेछ । यसरी छानबिन गर्दा सम्बन्धित देशलाई छानबिनमा सहयोग गर्न र महासन्धिमा

गरिएका व्यवस्थाहरूको गम्भीर उलङ्घन गरेको भनी प्राप्त भएका सूचनाहरूका बारेमा आफ्नो भनाइ पेश गर्न अनुरोध गर्नेछ ।

- सम्बन्धित देशहरूले पेश गरेका भनाइहरू र आफूले भेला गरेका प्रमाणहरूका आधारमा सीआरपीडी समितिले छानबिनलाई अगाडि बढाउनेछ । यस्तो छानबिन गर्न समितिले समितिका एक वा एकभन्दा बढी सदस्यलाई जिम्मा दिन सक्नेछ । समितिले तोकेको व्यक्तिले सम्बन्धित देशमै गएर आफ्नो छानबिन गर्न सक्छ ।
- छानबिन गरिसकेपछि प्राप्त सूचना र प्रमाणहरूका आधारमा आफ्ना निष्कर्ष र टीप्पणीलाई समेत राखेर सीआरपीडी समितिले सम्बन्धित देशलाई लेखेर पठाउनेछ ।
- देशले सो प्राप्त गरेको ६ महिनाभित्र आफ्नो भनाइ सीआरपीडी समितिमा पठाउनुपर्ने छ ।
- छानबिन सबै गोप्य हुनेछ र छानबिनका हरेक चरणमा सम्बन्धित देशको सहयोग खोजिनेछ ।

## धारा ७

धारा ६ अनुसार गरिएको छानबिनमा सम्बन्धित देशले दिएको जवाफमा अपनाइएका उपायहरूका बारेमा धारा ३५ अनुसार सो देशले पेश गर्ने प्रतिवेदनमा पनि लेख्नुपर्छ भनी सीआरपीडी समितिले भन्न सक्नेछ ।

धारा ६.४ अनुसार दिएको ६ महिना सकिएपछि पनि सीआरपीडी समितिले आवश्यक परेमा सम्बन्धित देशले दिएका जवाफमा अपनाइएका उपायहरूका बारेमा सोध्न सक्नेछ ।

## धारा ८

प्रत्येक देशले यस इच्छाधीन आलेखमा हस्ताक्षर वा अनुमोदन गर्दा धारा ६ र ७ मा लेखिए अनुसार समितिको क्षमता भएको कुरा आफूले स्वीकार नगर्ने भनी घोषणा गर्न सक्छ ।

## धारा ९

यस इच्छाधीन आलेखको सबै लगत राष्ट्रसंघका महासचिवले राख्नेछन् ।

## धारा १०

देशहरूका लागि यस इच्छाधीन आलेखमा हस्ताक्षार गर्न ३० मार्च २००७ देखि राष्ट्रसंघको

मुख्य कार्यालय न्यूयोर्कमा खुला गरिएको छ ।

## धारा ११

यस इच्छाधीन आलेखलाई सीआरपीडीका पक्ष राष्ट्र वा हस्ताक्षर गरी सहमति जनाएका देशहरूले अनुमोदन गर्नुपर्ने हुन्छ । क्षेत्रीय संगठन (जस्तैः इयू, अफ्रिकन युनियन) का हकमा ती संस्थाको लिखित जानकारी चाहिन्छ । सीआरपीडीका पक्ष राष्ट्र वा हस्ताक्षर गरी सहमति जनाएका तर इच्छाधीन आलेखमा हस्ताक्षर नगरेका देशहरूलाई यो इच्छाधीन आलेख हस्ताक्षर र अनुमोदनका लागि खुल्ला रहन्छ ।

## धारा १२

'क्षेत्रीय संगठन' भन्नाले सार्वभौम राष्ट्रहरू मिलेर बनेको संगठन हो, जसमा सदस्य देशहरूले यो सीआरपीडी र इच्छाधीन आलेखले मागे जस्तै विषयहरूमा सहभागी हुने अधिकार सुम्पेका हुन्छन्, ती संगठनहरूले त्यस्तो क्षमताको घोषणा गर्नुपर्छ र हस्ताक्षर गर्ने अनुबन्ध हुने विषयको जानकारी गराउनुपर्छ । साथै अनुमोदनको औपचारिक दस्तावेज पठाउनुपर्ने छ ।

## धारा १३

- १० वटा देशले हस्ताक्षर वा अनुमोदन गरेर राष्ट्रसंघमा दाखिला गरेको तीसौँ दिनपछि यो इच्छाधीन आलेख लागू हुन्छ ।
- हस्ताक्षर वा अनुमोदन गर्ने देशहरूको हकमा पनि दाखिला भएको ३० दिनपछि यो इच्छाधीन आलेख लागू हुनेछ ।

## धारा १४

- देशले यस इच्छाधीन आलेखका उद्देश्य र प्रयोजनसँग मेल नखानेगरी आरक्षण राख्न पाउँदैनन् ।
- आरक्षण राखेको भए जुनसुकै बेला पनि फिर्ता लिन सक्नेछन् ।

## धारा १५

- यस इच्छाधीन आलेखलाई स्वीकार गरी लागू गर्ने देशमध्ये कुनैले पनि यसमा कुनै प्रकारको फेरबदल वा संशोधन गर्नुपर्ने ठानेमा राष्ट्रसंघका महासचिवसमक्ष संशोधन प्रस्ताव पेश गर्न सक्नेछ ।
- संशोधनको प्रस्ताव प्राप्त भइसकेपछि महासचिवले सबै देशलाई जानकारी गराउने छन्

र सो प्रस्तावमा छलफल र निर्णय गर्न सम्मेलनको पक्षमा रहेको सोध्नेछन् ।

- यदि एक तिहाइ देश सम्मेलनको पक्षमा देखिएमा महासचिवले सम्मेलन आयोजना गर्नेछन् ।
- सम्मेलनको दुई तिहाइ बहुमतले सशोधन प्रस्ताव पारित गर्न गर्न सक्नेछ ।

## धारा १६

लिखित सूचना दिएर कुनै पनि देशले इच्छाधीन आलेखलाई त्याग गर्न सक्छन् । महासचिवले सूचना पाएको एक वर्षभित्र परित्याग गरेको कुरा लागू हुन्छ ।

## धारा १७

यो इच्छाधीन आलेख विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैको पहुँच पुग्नेगरी विभिन्न ढाँचामा प्रकाशन गरिनेछ ।

## धारा १८

यस इच्छाधीन आलेखलाई अरबी, चिनिया, अंग्रेजी, फ्रान्सेली, रूसी तथा स्पेनी भाषामा प्रकाशन गरिनेछ । सबै भाषामा यसले बराबर आधिकारिक मान्यता पाउनेछ ।

# अपाङ्गता भएका व्यक्तिहरूका लागि एसिया तथा प्रशान्त क्षेत्रीय दशक- २०१३-२०२२ कार्यान्वयनका लागि स्क्याप सदस्य तथा सह-सदस्य राष्ट्रहरूको संयुक्त घोषणापत्र

## सजिलो नेपाली संस्करण

# संयुक्त घोषणापत्र

गणतन्त्र कोरियाको इन्च्योन शहरमा सन् २०१२ को अक्टुवर २९ देखि नोभेम्बर २ सम्म आयोजना गरिएको अपाङ्गता भएका व्यक्तिहरूको एसिया प्रशान्त क्षेत्रीय दशक २००३ – २०१२ को कार्यान्वयनको अन्तिम समीक्षा बैठकमा भेला भएका एसिया तथा प्रशान्त क्षेत्रका लागि राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (यु.एन. स्क्याप) का सदस्य र सह-सदस्य देशका प्रतिनिधिहरूले सन् २०१३ देखि २०२२ सम्मका लागि निम्न अनुसारका हालसम्म भएका विषयवस्तु, तथ्य, घोषणापत्र, दस्तावेज वा प्रतिबद्धताहरूलाई आत्मसात, स्वागत र पुनःस्मरण र सम्मान गर्दै गरेका प्रतिबद्धता यस्ता छन्-

आत्मसात, स्वागत, सम्मान र पुनःस्मरण गरिएका विषय, तथ्य, घोषणापत्र, प्रतिबद्धताः

- अपाङ्गतासम्बन्धी विश्व कार्ययोजना- १९८२,
- अपाङ्गता भएका व्यक्तिहरूको अवसर समानीकरणसम्बन्धी राष्ट्रसंघीय प्रामाणिक नियमहरू- १९९३,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि- २००६,
- राष्ट्रसङ्घको सहस्राब्दी विकास लक्ष्यसम्बन्धी प्रतिबद्धता र कार्यक्रम,
- सहस्राब्दी विकास लक्ष्य तथा अन्य अन्तर्राष्ट्रिय विकास लक्ष्यहरूमा अपाङ्गताका सवालहरू समावेश गराई अपाङ्गता भएका व्यक्तिहरूलाई त्यस्ता विकास कार्यक्रमहरूबाट लाभान्वित गर्ने उद्देश्यका साथ आयोजना गर्न लागिएको सदस्य राष्ट्र तथा सरकार प्रमुखहरूको बैठक २३ सेप्टेम्बर २०१३ मा राख्न गरिएको निर्णय,
- १० सेप्टेम्बर २०१२ मा जारी (रिजोलुसन ६६/२९०) मानवीय सुरक्षासम्बन्धी साझा समझदारी,
- अपाङ्गता भएका व्यक्तिहरूको एसिया तथा प्रशान्त क्षेत्रीय दशक- १९९३- २००२

(रिजोलुसन ४८/३, २३ अप्रिल १९९२),

- एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूका लागि अवरोधमुक्त र समावेशी समाज प्रवर्द्धनसम्बन्धी प्रतिबद्धता (रिजोलुसन ५८/४, २२ मे २००२),
- एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूका लागि अवरोधमुक्त र समावेशी समाज निर्माणको लागि तयार पारिएको विवाको सहस्राब्दी कार्ययोजना कार्यान्वयनका लागि गरिएको प्रतिबद्धता (रिजोलुसन ५९/३, ४ सेप्टेम्वर २००३),
- एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूका लागि अवरोधमुक्त र समावेशी समाज निर्माणका लागि तयार पारिएको विवाको सहस्राब्दी कार्ययोजना कार्यान्वयनको क्षेत्रीयस्तरमा कार्यान्वयन र विवाको प्लस फाइवलाई कार्यान्वयन गर्न गरिएको प्रतिबद्धता (रिजोलुसन ६४/८, ३० अप्रिल २००८),
- युएन स्क्यापको १९ मे २०१० मा अपाङ्गता भएका व्यक्तिहरूको एसिया तथा प्रशान्त क्षेत्रीय दशक- २००३-२०१२ को समीक्षाका लागि उच्चस्तरीय सरकारी बैठकको तयारीका लागि गरिएको प्रतिबद्धता (रिजोलुसन 66/II),
- युएन स्क्यापले २३ मे २०१२ मा अपाङ्गता भएका व्यक्तिहरूको एसिया तथा प्रशान्त क्षेत्रीय दशकको समीक्षा बैठक आयोजना गर्न गरेको घोषणा (रिजोलुसन ६८/७),
- अपाङ्गतासम्बन्धी विश्व प्रतिवेदन २०११ ले उल्लेख गरेको विवरण अनुसार संसारको जनसंख्याको १५ प्रतिशत मानिसमा कुनै न कुनै रूपमा अपाङ्गता रहेको तथ्य,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्यान्वयन गरिएका दुईवटा एसिया तथा प्रशान्त क्षेत्रीय दशकमा त्यस क्षेत्रका सदस्य तथा सहसदस्य राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मान, समावेशी विकासमा केन्द्रित भई गरेका नीतिगत र संस्थागत प्रतिबद्धताका कारण अपाङ्गताको अधिकारमुखी अवधारणालाई संस्थागत गर्न भएका उपलब्धिहरू,
- एसिया तथा प्रशान्त क्षेत्रमा अपाङ्गताको सवालमा जनचेतनाको विकासमा नागरिक समाजको र खास गरेर अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्था र अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गरिरहेका संस्थाहरूको प्रयासबाट भएका उपलब्धिहरू
- ५ अगष्ट २०१० मा पोर्ट भिल्लामा अयोजित प्यासेफिक आइल्याण्डका नेतृत्वहरूको ४१ औँ मञ्च र त्यसले अपाङ्गतासम्बन्धी प्रशान्त क्षेत्रीय रणनीतिमा गरेको बलियो सहयोग,
- दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको संगठन (आशियान) का सदस्य राष्ट्रहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र भूमिका सशक्तीकरणका लागि १७ नोभेम्बर २०११ मा अवलम्बन गरिएको बाली घोषणापत्र,
- १ डिसेम्बर २०११ मा अनुदान प्रभावकारितासम्बन्धी चौथो उच्चस्तरीय मञ्चले अवलम्बन गरेको बुसान साझेदारी,
- ८ जुन २०१२ मा बेइजिङमा अवलम्बन गरिएको अपाङ्गता समावेशी विकासका लागि

बेइजिङ घोषणापत्र,

- सन् २०१०मा विश्व स्वास्थ्य संगठन, अन्तर्राष्ट्रिय श्रम संगठन र युनेस्कोले संयुक्तरूपमा जारी गरेको समुदायमा आधारित पुनःस्थापनासम्बन्धी निर्देशिका,
- २२ जुन २०१२ को दिगो विकासको लागि राष्ट्रसंघीय सम्मेलनले अवलम्बन गरेको दस्तावेज,
- एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूका लागि अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रलगायत जीवनका अन्य विभिन्न पक्षहरूमा समान पहुँच प्राप्त गर्न धेरै चुनौती छन् भन्ने तथ्य,
- एसिया तथा प्रशान्त क्षेत्रमा द्रुतगतिमा बढिरहेको वृद्धावस्थाका कारण अपाङ्गता भएका व्यक्तिहरूको संख्यालाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको तथ्य,
- विपद्का अवस्थाहरूमा अन्य व्यक्तिहरूको तुलनामा अपाङ्गता भएका व्यक्तिहरू बढी प्रभावित हुने गरेका छन् र यस एसिया प्रशान्त क्षेत्रमा विगत तीन दशकयता विपद्का घटना धेरै भएका छन् भन्ने तथ्य,
- अपाङ्गता भएका व्यक्तिहरूप्रति विभेदपूर्ण व्यवहार र नकारात्मक परम्परागत सोच अझै विद्यमान रहेका छन् भन्ने तथ्य, र
- भौतिक संरचना, सार्वजनिक यातायात, ज्ञान, सूचना तथा सञ्चारमा पहुँच बढाउन आधुनिक प्रविधिको प्रयोगलगायत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन र संरक्षणका लागि अन्य धेरै अवसर उपलब्ध छन् भन्ने तथ्य।

## एसिया तथा प्रशान्त क्षेत्रका सरकारी प्रतिनिधिहरूले गरेका प्रतिबद्धता

१. एसिया तथा प्रशान्त क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूलाई वास्तविक व्यवहारमा उतार्न इन्च्योन रणनीति- २०१३-२०२२ लाई अवलम्बन गर्ने र आ-आफ्ना देशमा लागू गर्ने,

२. अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूका अधिकार दिलाउन, त्यसको प्रवर्द्धन गर्न र अपाङ्गताको सवाललाई विकासका विभिन्न सवालमा समावेश गराउन सरकारको केन्द्रीय भूमिका स्पष्ट पार्ने,

३. यो घोषणापत्र कार्यान्वयनका लागि प्रतिबद्ध हुने र इन्च्योन रणनीतिमा उल्लेखित लक्ष्य र अपेक्षित उपलब्धिहरू हासिल गर्न काम केन्द्रित (Action oriented) योजनाहरू कार्यान्वयन गर्ने,

४. यो घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनमा तल उल्लेखितलगायतका सरोकारवालाहरूलाई समेत साझेदारी गर्न र संलग्न हुन आह्वान गर्ने -

क. अपाङ्गता समावेशी विकासमा उपक्षेत्रीय सहकार्य विकास गर्न दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको संगठन, आर्थिक साझेदार संगठनहरू (Economic Cooperation Organizations), प्यासेफिक आइल्याण्डस् फोरम, सार्कलगायतका उपक्षेत्रीय अन्तर

सरकारी निकायहरू,

ख. आफ्ना नीति र कार्यक्रमहरूलाई समावेशी बनाउन विभिन्न विकास साझेदार निकायहरू,

ग. एसिया प्रशान्त क्षेत्रमा अपाङ्गता समावेशी विकासमा प्रविधि र आर्थिक सहयोग अभिवृद्धि गर्न एसियाली विकास बैंक र विश्व बैंक,

घ. एसिया तथा प्रशान्त क्षेत्रमा अपाङ्गता समावेशी विकासलाई संयुक्तरूपमा सघाउन राष्ट्रसंघीय निकायहरू, कार्यक्रमहरू र इस्क्याप,

ङ. अपाङ्गता समावेशी विकासको निरन्तर अनुगमन तथा मूल्याङ्कनका लागि नागरिक समाजका संस्थाहरू, विशेष गरेर अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका र उनीहरूका लागि सञ्चालन भएका सङ्घ संस्था,

च. इन्च्योन रणनीति कार्यान्वयनसँग सम्बन्धित निर्णय प्रक्रियाहरूमा प्रभावकारी सहभागिता जनाउन अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका संस्था,

छ. अपाङ्गता समावेशी व्यावसायिक अभ्यासहरू गर्न विभिन्न निजी क्षेत्रका सङ्घ संस्था ।

५. स्क्यापका कार्यकारी सचिवलाई देहायबमोजिम अनुरोध गर्ने-

क. इन्च्योन रणनीति र यस घोषणापत्रको सदस्य तथा सहसदस्य देशहरूमा प्रभावकारी कार्यान्वयन गराउन विशेष प्राथमिकता दिने,

ख. यो घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनका लागि विभिन्न सरोकारवालासँग सम्पर्कमा रहने र उनीहरूलाई उत्प्रेरित गर्ने,

ग. सरकारी निकायहरूको उच्चस्तरीय बैठकबाट आएका यी उपलब्धिलाई स्क्यापको ६९ ँऔं सत्रमा अनुमोदनका लागि पेश गर्ने ,

घ. सरकारी निकायहरूको उच्चस्तरीय बैठकबाट आएका यी उपलब्धिलाई साधारणसभाको अध्यक्षमार्फत २३ सेप्टेम्बर २०१३ मा आयोजना हुने सहस्राब्दी विकास लक्ष्य र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय विकास लक्ष्यहरूसँग सम्बन्धित विभिन्न देशका सरकारी निकायहरूको उच्चस्तरीय बैठकमा यस उच्चस्तरीय बैठकबाट आएका उपलब्धिहरूलाई साधारणसभाका अध्यक्षमार्फत पेश गर्ने,

ङ. एसिया तथा प्रशान्त क्षेत्रमा इन्च्योन रणनीति कार्यान्वयनको प्रगति विवरण हरेक तीन तीन वर्षमा स्क्यापमा पेश गर्ने,

च. इन्च्योन रणनीति कार्यान्वयनका लागि मार्गचित्र तयार गर्ने ।

६. एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक- २०१३-२०२२ को मध्यतिर (२०१७ मा) इन्च्योन रणनीति कार्यान्वयनको मध्यावधि समीक्षा गर्न र २०२२ मा समापन गर्ने कार्यक्रम राख्न स्क्यापमा सिफारिस गर्ने ।

एसिया तथा प्रशान्त क्षेत्रका
अपाङ्गता भएका व्यक्तिहरूका अधिकारलाई
वास्तविक व्यवहारमा उतार्न तयार गरिएको

# इन्च्योन रणनीति- २०१२

## सजिलो नेपाली संस्करण

## छोटो परिचय

यो रणनीति सन् २०१२ मा संयुक्त राष्ट्रसंघको एसिया प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग (Economic and Social Commission for Asia and Pacific – ESCAP) ले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूलाई एसिया प्रशान्त (प्यासेफिक) क्षेत्रका देशहरूमा प्रभावकारीरूपमा लागू गराउने उद्देश्यका साथ निर्माण गरी कार्यान्वयनमा ल्याएको १० वर्षे रणनीति हो। यो रणनीति सन् २०१३ देखि २०२२ सम्मका लागि निर्माण गरिएको हो।

एसिया तथा प्रशान्त क्षेत्र अन्तर्गत पर्ने देशहरूका सरकार प्रमुख, नागरिक समाजका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि र राष्ट्रसंघका निकायहरू समेत संलग्न भई सन् २०१२ को २९ अक्टुबरदेखि २ नोभेम्बरसम्म दक्षिण कोरियाको इन्च्योन भन्ने नगरमा सम्मेलन आयोजना गरियो। त्यही अवसरमा कोरिया सरकारको आतिथ्यमा इस्क्यापले एसिया प्रशान्त क्षेत्रका सरकारबीच उच्चस्तरीय बैठक आयोजना गऱ्यो। त्यो बैठकमा इस्क्यापले सन् २००३ देखि २०१२ का लागि घोषणा गरेको अपाङ्गता भएका व्यक्तिहरूको दोस्रो दशकको गहन समीक्षा गरियो। समीक्षामा सन् २००३ देखि २०१२ को दशकमा यस क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धनका लागि गरिएका काम र उपलब्धिहरूको मूल्याङ्कन गरियो। यसै समीक्षा र मूल्याङ्कनको निष्कर्षका आधारमा सन् २०१३ देखि २०२२ सालसम्मका लागि अपाङ्गता भएका व्यक्तिका "अधिकारहरूलाई वास्तविक व्यवहारमा उतार्ने" अर्थात "Make the Rights Real" प्रतिबद्धतासहित नयाँ रणनीति जारी गरियो। इस्क्यापले यो रणनीति दक्षिण कोरियाको इन्च्योन भन्ने शहरबाट जारी गरेको हुनाले यसलाई इन्च्योन रणनीति पनि भन्ने गरिन्छ।

यस क्षेत्रका विभिन्न देशका सरकार प्रमुख र नागरिक समाजका संस्थाहरूसँग दुई वर्षसम्म विभिन्न चरणमा लामो छलफल र परामर्श गरी तयार गरिएको

### के हो इस्क्याप ?

Economic and Social Commission for Asia and Pacific (ESCAP) अर्थात एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग संयुक्त राष्ट्रसंघको एउटा निकाय हो। यो निकाय एसिया तथा प्रशान्त क्षेत्रको आर्थिक तथा सामाजिक विकासका लागि काम गर्न गठन गरिएको हो। एसिया तथा प्रशान्त क्षेत्रमा पर्ने ५३ वटा देश इस्क्यापका सदस्य छन् भने अन्य ९ वटा यसका आबध्द सदस्य (Associate Members) छन्।

यस रणनीतिमा १० वटा वृहत अपेक्षित परिणाम, २७ वटा विशिष्ट लक्ष्य र ६२ वटा सूचक छन् । यो रणनीति अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिमा आधारित भएर बनाइएको छ । यो रणनीति एसिया तथा प्रशान्त क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरू र त्यसमा पनि गरिबीको अवस्थामा बाँचिरहेका अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य राखेर जारी गरिएको हो । यसै क्षेत्रमा पर्ने देश भएको र ESCAP को सदस्यका हैसियतमा नेपालले पनि यस रणनीतिको कार्यान्वयनका लागि लिखित प्रतिबध्दता जनाएको छ । इन्च्योन रणनीति यस्तो छ :

# भाग १

## इन्च्योन रणनीतिका सिद्धान्त

यो रणनीति अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ का आधारमा तयार गरिएको हुनाले महासन्धिका जे सिद्धान्त छन्, यसका पनि तिनै हुन्, जुन माथि महासन्धिको सरल संस्करणमा व्याख्या गरिसकिएको छ ।

## इन्च्योन रणनीतिका मुख्य नीतिगत मार्गनिर्देशन

१. अपाङ्गता भएका व्यक्तिहरूका अधिकारलाई वास्तविक व्यवहारमा उतार्न र उनीहरूले सबै अधिकार पाएको सुनिश्चित गर्न आवश्यक पर्ने सबै कानुनी, प्रशासनिक उपायहरू अपनाउने, आवश्यकता भए तिनमा पुनरावलोकन गर्ने, नयाँ बनाउनुपर्ने भएमा नयाँ बनाउने र त्यसलाई बलियो बनाउँदै जाने ।

२. राज्यले बनाउने नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई समावेश गरिनेछ । यस्ता नीति र कार्यक्रमहरूमा महिला र पुरूषलाई समान अधिकार दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरूका अधिकारलाई पूरा गर्न अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैका लागि प्रयोगमा सजिलो हुने संरचनाहरूको निर्माण र प्रविधिको विकासमा जोड दिइनेछ ।

३. राज्यले बनाउने नीति र कार्यक्रमहरूमा गरिबीको अवस्थामा बाँचिरहेका अपाङ्गता भएका व्यक्ति र उनीहरूका परिवारका आधारभूत आवश्यकताहरूलाई सम्बोधन गरिनेछ ।

४. वास्तविक आवश्यकतालाई सम्बोधन गर्नेखालको नीति र कार्यक्रम बनाउन लिङ्गलगायतका जानकारी छुट्टिने गरी अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गरिनेछ ।

५. राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरमा लागू हुने नीति र कार्यक्रमहरू बनाउँदा अपाङ्गताका सवाललाई समावेश गरिनेछ र त्यस्ता कार्यक्रम र नीति बनाउँने क्रममा गरिने विभिन्न छलफल तथा निर्णय प्रक्रियाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूका प्रतिनिधि संस्थामार्फत सहभागी गराइनेछ ।

६. अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकतालाई समेत समावेश गरेर गरिने विकासका

काम र बनाइने करसम्बन्धी नीतिहरूका लागि आवश्यक बजेटहरू उपलब्ध गराइनेछ ।

७. राज्यका लागि विकासका कामहरू गर्ने राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरका सबै निकायले आफ्ना नीति र कार्यक्रमहरूमा अपाङ्गताका विभिन्न पक्षलाई समावेश गर्ने छन् ।

८. राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरमा समन्वय गरी विभिन्न विकाससम्बन्धी नीति र कार्यक्रममा अपाङ्गताका विषयहरूलाई समावेश गर्ने कामलाई अझ बलियो बनाउँदै लैजाने कुरा सुनिश्चित गरिनेछ । यसो गर्दा विभिन्न सरोकारवलाहरूसँग परामर्श लिने, यो रणनीति कार्यान्वयनको समीक्षा गर्ने र एक ठाउँमा भएका राम्रा कामलाई अरू ठाउँमा पनि अनुकरण गराउने काम गरिनेछ ।

९. समावेशी विकासलाई परिवार र समुदायमा पनि प्रवर्द्धन गरिनेछ, जसले गर्दा विशेष गरेर गरिबी हटाउने वा घटाउने कार्यक्रमहरूमा सबै जाति, वर्ग, लिंग, सामाजिक अवस्था, आर्थिक अवस्था आदिका अपाङ्गता भएका व्यक्तिहरूले अरूसरह समानरूपमा योगदान गर्न र लाभ पाउन सकून् ।

१०. अपाङ्गता भएका व्यक्तिहरू अन्य मानिसहरू रहने/बस्ने गरेको मूलधारको सामुदायिक जीवनमा नै समान आधारमा समावेश हुनेछन् । उनीहरूलाई अन्य व्यक्तिहरू जस्तै कस्तो जीवन कोसँग र कसरी ज्युने भन्ने बारेमा छनौट गर्न पाउने र आत्मनिर्भर भएर रहन पाउने हकका लागि विभिन्न सहयोगहरू प्रदान गरिनेछ ।

११. अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो वरिपरिको भौतिक वातावरण (जस्तै : सडक, सार्वजनिक भवन, सार्वजनिक स्थल, बजार, सेवा सुविधा र अवसर प्रदान गर्ने ठाउँहरू, विद्यालय-कलेज आदि, यातायात, सूचना तथा जानकारी, सञ्चार आदिको आवश्यकता अनुसार उपयोग गर्न अरूहरूलाई जस्तै समान पहुँच हुनेछ । यसका लागि भौतिक संरचनाहरू सबैले उपयोग गर्न मिल्नेगरी निर्माण गर्ने, सहयोगी सेवा र सामग्री र प्रविधिहरू उपलब्ध गराउने, आवश्यकता अनुसारका विशेष अस्थायी व्यवस्थाहरू गर्ने जस्ता काम गरिनेछ ।

१२. तल उल्लेखित समूहहरू समेत समेटिने गरी विभिन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा सशक्त बनाइनेछ :

- अपाङ्गता भएका केटा र केटी,
- अपाङ्गता भएका युवा,
- अपाङ्गता भएका महिला,
- बौद्धिक अपाङ्गता र सिकाइसम्बन्धी अपाङ्गता भएका व्यक्ति,
- अटिज्मबाट प्रभावित व्यक्ति,
- मनोसामाजिक अपाङ्गता भएका व्यक्ति,

- बहिरा तथा सुस्तश्रवण व्यक्ति,
- श्रवण-दृष्टिविहीन व्यक्ति,
- बहु-अपाङ्गता भएका व्यक्ति,
- गम्भीर अपाङ्गता भएका व्यक्ति,
- अपाङ्गता भएका ज्येष्ठ नागरिक,
- एचआइभी प्रभावित अपाङ्गता भएका व्यक्ति,
- नसर्ने रोगहरूबाट प्रभावित अपाङ्गता भएका व्यक्ति,
- कुष्ट प्रभावित अपाङ्गता भएका व्यक्ति,
- सडक दुर्घटनाबाट अपाङ्गता भएका व्यक्ति,
- आदिवासी, जनजाति तथा अल्पसङ्ख्यक समुदायका अपाङ्गता भएका व्यक्ति,
- घरवार केही नभएका अपाङ्गता भएका व्यक्ति,
- सशस्त्र द्वन्द्व, मानवीय विपद्लगायत अन्य जोखिमको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्ति,
- जमिनमुनिका विष्फोटक पदार्थहरू विष्फोट भई अपाङ्गता भएका व्यक्ति,
- कानुनी अधिकारहरू नपाएका अपाङ्गता भएका व्यक्ति,
- घरेलु हिंसाबाट प्रभावित अपाङ्गता भएका व्यक्ति (विशेष गरेर महिला र बालबालिका),
- अभिभावकहरूको समूह (Family Advocacy Group),
- सुकुम्बासी वस्तीमा रहेका सीमान्तकृत अपाङ्गता भएका व्यक्ति,
- गाउँ तथा दुर्गम क्षेत्रमा बस्ने अपाङ्गता भएका व्यक्ति ।

१३. सीमान्तकृत समुदायका आवश्यकताहरूलाई सम्बोधन गर्न अपाङ्गता भएका व्यक्तिका संस्थाहरू, स्वावलम्बी समूहहरू, स्वयं पैरवी समूहहरू र आवश्यकता अनुसार अपाङ्गता भएका व्यक्तिका परिवार र उनीहरूलाई सेवा र हेरचाहर गर्ने व्यक्तिहरूसँग सम्बन्धित विभिन्न विषयमा निर्णय गर्ने क्रममा उपयुक्तताका आधारमा सहभागी गराइनेछ ।

१४. अपाङ्गतासम्बन्धी र अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी जनचेतना जगाउने कामलाई बलियो बनाइनेछ र त्यसलाई निरन्तरता दिइनेछ । समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन यस काममा पर्याप्त बजेटको व्यवस्था गरिनेछ ।

# इन्च्योन रणनीतिका अपेक्षित परिणाम र लक्ष्य
## (Incheon Goals and Targets)

## पहिलो अपेक्षित परिणाम : गरिबी घटाउने र काम र रोजगारीको अवसरलाई बलियो बनाउने

आगामी १० वर्षमा गरिबीको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्ति र तिनका परिवारको गरिबी हटाउन पर्याप्त काम र त्यसमा प्रगति हुनैपर्छ । समान पहुँच नभएका कारण अपाङ्गता भएका व्यक्तिहरूले श्रम बजारबाट फाइदा पाउन सकेका छैनन् । अपाङ्गता नभएका व्यक्तिहरूको तुलनामा अपाङ्गता भएका व्यक्तिहरूको आफैं कमाउने खालका आर्थिक गतिविधिहरूमा सहभागिता सारै थोरै छ । शिक्षा, तालिम, राम्रो काम र त्यो कामलाई कायम राखिरहने सहयोगहरूले गरिबी कम गर्न ठूलो मद्दत गर्छ । तसर्थ, जो काम गर्न सक्छ वा चाहन्छ, उसलाई पर्याप्त संरक्षण र सहयोगी सामग्री तथा उपकरणहरूमार्फत पर्याप्त सहयोग गरिनुपर्छ । त्यसका लागि श्रम बजार चाहिँ अपाङ्गता भएका व्यक्तिहरूका लागि मैत्रीपूर्ण र आवश्यकता अनुसार उनीहरूलाई उपयुक्त वातावरण दिन सक्ने हुनुपर्छ । अपाङ्गता भएका व्यक्ति र तिनका परिवारलाई गरिबीबाट मुक्त गर्दा देशको समावेशी र दिगो विकासलाई सघाउ पुग्छ ।

### प्रगति मापन गर्ने सूचक

लक्ष्यहरूमा भएको प्रगतिलाई मापन गर्न मुख्य र सहायक गरी दुई प्रकारका सूचक निर्धारण गरिएको छ ।

### मुख्य सूचक

१.१ विश्व बैंकले अध्यावधिक गरे अनुसार अन्य व्यक्तिको तुलनामा अन्तर्राष्ट्रिय गरिबीको रेखामुनि रहेका र दिनको १.२५ डलरभन्दा कम खर्चमा जीविका चलाइरहेका अपाङ्गता भएका व्यक्तिहरूको अनुपात ।

१.२ अन्य व्यक्तिको तुलनामा रोजगारीमा अपाङ्ता भएका व्यक्तिहरूको सहभागिताको अनुपात।

१.३ अन्य व्यक्तिको तुलनामा सरकारले लगानी गरेर सञ्चालन गरेका व्यावसायिक तालिम र रोजगारी प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताको अनुपात।

### सहायक सूचक

१.४ देशभित्र गरिबीको रेखामुनि रहेर जीवनयापन गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूको अनुपात।

**आगामी १० वर्षमा प्राप्त गरिने लक्ष्य**

लक्ष्य १. (क) : अपाङ्गता भएका व्यक्तिहरूलाई चरम गरिबीको अवस्थाबाट मुक्त गर्ने।

लक्ष्य १. (ख) : काम गर्ने उमेर भएका, काम गर्न चाहने वा सक्ने अपाङ्गता भएका व्यक्तिहरूका लागि काम र रोजगारी वृद्धि गर्ने।

लक्ष्य १. (ग) : सरकारले लगानी गर्ने व्यावसायिक तालिम र अन्य रोजगारीमा सहयोग पुग्नेखालका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता बढाउने।

## दोस्रो अपेक्षित परिणाम : राजनीतिक प्रक्रियाहरू र निर्णय प्रक्रियाहरूमा सहभागिता प्रवर्द्धन गर्ने

राजनीतिक गतिविधि र निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको सहभागिताले उनीहरूलाई अन्य विभिन्न अधिकारको उपयोगमा ठूलो योगदान गर्दछ। यस अपेक्षित परिणाम अन्तर्गत हासिल गर्न खोजिएको परिणाम अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिसरह मतदानमा सहभागी हुन पाउने र निर्वाचित हुन पाउने अधिकार हो। आगामी १० वर्षमा अपाङ्गता भएका महिला र युवालगायत व्यापकमात्रामा विभिन्न वर्ग र समूहका अपाङ्गता भएका व्यक्तिहरू राजनीतिक प्रक्रियाहरू र सबै तहका निर्णय प्रक्रियामा सहभागी भएको हुनुपर्नेछ। अपाङ्गता भएका व्यक्तिलाई समाजको समान सदस्यका हैसियतमा आफ्ना अधिकारहरू उपयोग गर्न, जिम्मेवारी पूरा गर्नका साथै विभिन्न निर्णयमा सहभागी हुन सक्षम बनाउन आवश्यक पर्ने प्रविधिमा विकास गर्नुपर्नेछ। यस्तो सुधारका लागि सरकारका न्याय दिने निकाय, विभिन्न काम गर्ने निकाय, नीति-निर्माण गर्ने निकाय, मन्त्रालय आदिमा अपाङ्गता भएका व्यक्तिले पनि समान पहुँच पाउन सक्नेगरी सहज वातावरण बनाउन आवश्यक व्यवस्था गर्नुपर्नेछ।

## प्रगति मापन गर्ने सूचक

### मुख्य सूचक

२.१ संसद् वा त्यसैको समानान्तर नीति र कानुनहरू बनाउने निकाय (विधायिका) मा प्रतिनिधित्व गर्ने अपाङ्गता भएका व्यक्तिहरूको संख्या ।

२.२ देशको अपाङ्गतासम्बन्धी विषयहरूमा समन्वय गर्ने निकायमा प्रतिनिधित्व गर्ने अपाङ्गता भएका व्यक्तिहरूको संख्या ।

२.३ देशका महिला सशक्तीकरण र लैंगिक समानताका लागि काम गर्ने संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने अपाङ्गता भएका महिलाको संख्या ।

२.४ देशको राष्ट्रिय राजधानीमा अपाङ्गता भएका व्यक्तिहरूका लागि गोप्य मतदान सुनिश्चित गर्न अपनाइएका उपायहरू र मतदानस्थलसम्म पुग्न र मतदान गर्न सहज बनाइएका मतदान केन्द्रहरूको संख्या ।

**आगामी १० वर्षमा प्राप्त गरिने लक्ष्य**

लक्ष २. (क) : सरकारका विभिन्न निर्णय गर्ने निकायमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने ।

लक्ष २. (ख) : राजनीतिक प्रक्रियाहरू (जस्तैः मतदान गर्ने अथवा भोट दिने, चुनावमा उठ्ने र चुनाव लड्ने, कुनै विचारको समर्थन गर्ने, दलमा आबद्ध हुने, राजनीतिक सभा/सम्मेलनमा भाग लिने आदि) मा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई सशक्त बनाउन उपयुक्त अनुकूल वातावरण निर्माण गर्ने ।

### सहायक सूचक

२.५ राष्ट्रियस्तरको मन्त्रिपरिषद्मा प्रतिनिधित्व गर्ने अपाङ्गता भएका व्यक्तिहरूको संख्या ।

२.६ सर्वोच्च अदालतमा न्यायाधीशको पदमा रहेर काम गर्नेमध्ये अपाङ्गता भएका व्यक्तिहरूको संख्या ।

२.७ देशको निर्वाचनका कामहरू गराउने निकायहरूका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई समेत सहज र पहुँचयुक्त हुनेगरी निर्वाचनका प्रक्रियाहरू बनाई सञ्चालन गर्न आवश्यक पर्ने ऐन, नियम र कानुनहरूको उपलब्धता ।

## तेस्रो अपेक्षित परिणाम : भौतिक संरचना, सार्वजनिक यातायात, ज्ञान, सूचना र सञ्चारमा पहुँच बढाउने

समावेशी समाजभित्र अपाङ्गता भएका व्यक्तिहरूका अधिकार उपलब्ध गराउन भौतिक

संरचनाहरू, सार्वजनिक यातायातको उपयोग, सूचना तथा ज्ञान र सञ्चारमा समान पहुँच पुर्‍याउने कुरा एउटा महत्वपूर्ण पूर्वशर्त हो । बाटोघाटो, सार्वजनिक स्थल, खेल्ने ठाउँ, पार्क, बजार, विद्यालय, सरकारी भवन र कार्यालयदेखि मानिसहरूले दैनिकरूपमा विभिन्न प्रयोजनका लागि उपयोग गर्ने सबै भौतिक संरचनालगायत सार्वजनिक यातायात, सूचना तथा सञ्चारका साधन, माध्यम र प्रणालीहरू सबै अपाङ्गता भएका व्यक्तिहरूका लागि र समाजका अन्य सबै मानिसले समानरूपमा उपयोग गर्न मिल्ने र सक्नेगरी बनाइनुपर्नेछ । यस्ता सबै संरचना र प्रणालीमा सबैलाई पहुँच सुनिश्चित गर्न तिनीहरूको योजना निर्माण, नक्सा तयारी, नक्सा पास, ढाँचा तयार गर्ने, बनाउनेदेखि निरन्तर मर्मत तथा सम्भार गर्नेसम्मका काम अपाङ्गता भएका व्यक्तिलगायत सबैलाई सहज हुनेगरी बनाइएको छ कि छैन भनी प्रभावकारी जाँच र निरन्तर अनुगमन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरूका लागि आफ्नो दैनिक जीवनका कामहरूमा परनिर्भरता घटाउन र आफ्नै निर्णयमा स्वनिर्भर जीवन बाँच्न सहायक सामग्री र सम्बन्धित सहयोग/सेवाहरूको उपलब्धता पनि पूर्वशर्त हो । यस्ता सहायक सामग्रीहरूको उत्पादन, वितरण र यससम्बन्धी अध्ययन र अनुसन्धानलाई प्रोत्साहन गरिनेछ ।

## प्रगति मापन गर्ने सूचक

### मुख्य सूचक

३.१ देशका राजधानीमा सबैका लागि पहुँचयुक्त भएका सरकारी भवनहरूको संख्या ।

३.२ सबैका लागि पहुँचयुक्त अन्तर्राष्ट्रिय विमानस्थलहरूको संख्या ।

३.३ सरकारी टेलिभिजनमा समानान्तररूपमा दैनिक सांकेतिक भाषामा समेत दिइने समाचारको संख्या ।

३.४ पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा स्वीकार गरिएको मापदण्ड पूरा गरेका वेबसाइटहरू र सबैका लागि पहुँचयुक्त हुनेगरी राखिएका सार्वजनिक दस्तावेजहरूको संख्या ।

३.५ आवश्यकता अनुसार सहायक सामग्री प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरूको संख्या ।

### सहायक सूचक

३.६ अपाङ्गता भएका विज्ञहरू समेतको सहभागितामा पहुँचको अवस्थाको प्रभावकारी जाँच र अनुगमन गर्ने कार्यक्रमहरू भएको ।

३.७ अन्तर्राष्ट्रियरूपमा स्वीकार गरिएको मापदण्ड अनुसार सदस्य देशहरूले पनि

अवरोधमुक्त वातावरण निर्माण गर्न आवश्यक पर्ने वाध्यकारी कानुनी व्यवस्था र प्राविधिक मापदण्डहरू निर्धारण गरेको र सो मापदण्ड अनुसार योजना तथा नक्साहरू पास गर्ने, स्वीकृति दिने र त्यसै अनुसार काम भए/नभएको अनुगमन गर्ने प्रभावकारी निकायसमेत भएको ।

३.८ साङ्केतिक भाषाका दोभाषेको संख्या ।

३.९ अन्तर्राष्ट्रियरूपमा स्वीकार गरिएको मापदण्ड अनुसार सदस्य देशहरूले सूचना तथा सञ्चारसम्बन्धी सेवाहरू (उदाहरणका लागि वेबसाइट) अपाङ्गता भएका व्यक्तिहरूका लागि अवरोधमुक्त बनाउन आवश्यक पर्ने वाध्यकारी कानुनी व्यवस्था र प्राविधिक मापदण्डहरू निर्धारण गरेको र सो मापदण्ड अनुसार काम भए/नभएको अनुगमन गर्ने प्रभावकारी निकायसमेत भएको ।

**लक्ष्य**

लक्ष ३.(क) : सर्वसाधारणका लागि खुला गरिएका सबै भौतिक संरचना अपाङ्गता भएका व्यक्तिहरूले पहुँच प्राप्त गर्न सक्ने वा सहज तरिकाले उपयोग गर्न सक्नेगरी बनाउने ।

लक्ष ३.(ख) : सार्वजनिक यातायात सेवाहरू अपाङ्गता भएका व्यक्तिलगायत सबैका लागि प्रयोग गर्न मिल्ने र पहुँच प्राप्त गर्न सक्ने बनाउने ।

लक्ष ३.(ग) : सबैका लागि भनी उपलब्ध गराइएका सूचना तथा सञ्चारका सेवाहरू अपाङ्गता भएका व्यक्तिलगायत अरू सबैले सहजै उपयोग गर्न मिल्ने र मैत्रीपूर्ण हुनुपर्नेछ ।

लक्ष ३.(घ) : सहायक सामग्री पाउनुपर्ने तर हालसम्म नपाएका अपाङ्गता भएका व्यक्तिहरूको संख्याको अनुपात आधाले कम गर्ने । अर्थात, त्यस्ता व्यक्तिहरूको कूल जनसंख्याको कम्तीमा आधा संख्यालाई सहायक सामग्रीहरूमा पहुँच पुर्याउने ।

## चौथो अपेक्षित परिणाम : सामाजिक सुरक्षालाई बलियो बनाउने

एसिया तथा प्रशान्त क्षेत्रमा सामाजिक सुरक्षा औपचारिक क्षेत्रमा काम गर्ने कामदार र कर्मचारीका लागि गरिने सामाजिक बीमामा मात्र सिमित छ । यस क्षेत्रमा सामाजिक सुरक्षाका कार्यक्रमहरूले ठूलो जनसंख्यालाई समेट्न सकेको छैन । त्यसमा पनि अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा पछि परेका छन् । त्यसैले देशहरूले अपाङ्गता भएका व्यक्तिहरू सामाजिक

सुरक्षाका कार्यक्रमहरूबाट समान आधारमा लाभान्वित भएका छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्ने छ। अर्थात, त्यस्ता कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच पुर्‍याउनुपर्ने छ । अझ अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा आत्मनिर्भर भएर बाँच्न सहयोग पुग्ने व्यक्तिगत सहयोगी, दौंतरीबाट लिने परामर्शलगायतका सेवा धान्नसक्ने मूल्यमा उपलब्ध छैनन् । सामाजिक सुरक्षाका कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि समाजमा अरूसरह सहभागी हुनका लागि त्यतिकै जरुरी छन् ।

## प्रगति मापन गर्ने सूचक

### मुख्य सूचक

४.१. अन्य व्यक्तिको तुलनामा सरकारले प्रदान गरेका स्वास्थ्य स्याहारसम्बन्धी सेवा वा कार्यक्रमहरू प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूको संख्या ।

४.२. सामाजिक सुरक्षा, सामाजिक बीमा र सामाजिक सहयोग कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समेटिएको अवस्था ।

४.३. सरकारी लगानीमा अपाङ्गता भएका व्यक्तिहरूलाई स्वनिर्भर जीवन बिताउन आवश्यक पर्ने व्यक्तिगत सहयोगी, दौंतरीबाट लिने परामर्शलगायतका अन्य विभिन्न कार्यक्रम उपलब्ध भएको ।

### सहायक सूचक

४.४. सरकारले लगानी वा लागू गरेका स्वास-प्रस्वाससम्बन्धी स्याहार कार्यक्रमहरू र अन्य स्याहारसम्बन्धी कार्यक्रमहरूको संख्या ।

४.५. राष्ट्रियरूपमै समुदायमा आधारित पुनःस्थापना कार्यक्रम उपलब्ध भएको ।

४.६. अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य बीमा उपलब्ध भएको ।

४.७. सहयोग र सहायक सेवाहरू नपाउने अपाङ्गता भएका व्यक्तिहरूको संख्यामा आएको कमी ।

### लक्ष्य

लक्ष ४. (क) : सबै प्रकारका स्वास्थ्य सेवालगायत पुनःस्थापनासम्बन्धी सेवामा सबै अपाङ्गता भएका व्यक्तिको पहुँच बढाउने ।

लक्ष ४. (ख) : सबै सामाजिक सुरक्षाका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समेट्ने ।

लक्ष ४. (ग) : व्यक्तिगत सहयोगी र दौंतरीबाट हुने परामर्श जस्ता सेवालाई सशक्त र प्रभावकारी बनाउने ताकि गम्भीर र बहु-अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमा स्वनिर्भर भएर बाँच्न सहयोग पुगोस् ।

## पाँचौं अपेक्षित परिणाम : अपाङ्गता भएका बालबालिकाका लागि समयमै हस्तक्षेप र शिक्षा

तुलनात्मकरूपमा बौद्धिक अपाङ्गता भएका बालबालिकामाथि धेरै उपेक्षा र हेला हुनेगरेको छ । त्यस्ता बालबालिका धेरैजसो गरीब परिवारमा रहेका छन् । एसिया तथा प्रशान्त क्षेत्रमा ठूलो संख्यामा अपाङ्गता भएका बालबालिका समयमै पाउनुपर्ने पुनःस्थापनालगायत अन्य सेवा र शिक्षाबाट बञ्चित रहेका छन् ।

शिशुहरूको उचाइ, वजन र शारीरिक वृद्धि अवस्थाको नियमित जाँच गर्नु जति जरूरी छ त्यति नै उनीहरूको उमेर अनुसार हुनुपर्ने मानसिक वा अन्य विकासमा भइरहेको परिवर्तनबारेमा समयमै थाहा पाउनु जरूरी हुन्छ । बालबालिकाको समग्र विकासमा भइरहेको ढिलाइको पहिचान समयमै भइसकेपछि उनीहरूको सम्भव हुनसक्ने समग्र विकासका लागि आवश्यक कदमहरू चाल्नु आवश्यक हुन्छ । यस अन्तर्गत आवश्यक स्याहार-सुसार, उत्प्रेरणा, प्रारम्भिक बाल विकास अथवा विद्यालय जानु पहिला सिकाउनुपर्ने कुराहरू पर्छन् । शुरुकै अवस्थामा बालबालिकाको मानसिक र शारीरिक विकासका लागि गरिने लागानीले दिने प्रतिफल त्यसपछि गरिने लगानीको भन्दा ज्यादा हुन्छ । प्रारम्भिक बाल विकासका कार्यक्रममा यदि सरकारी प्रतिबद्धता रह्यो भने बालबालिकाको विकासमा निकै महत्वपूर्ण प्रतिफल प्राप्त गर्न सकिन्छ ।

अझ सरकारले अपाङ्गता भएका बालबालिकाले आफू बसेकै समुदायमा अन्य बालबालिकासरह समान आधारमा प्राथमिक र माध्यमिक शिक्षामा पहुँच पाएका छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । यस प्रक्रियामा परिवार र साझेदारहरूको समेत संलग्नता अझ महत्वपूर्ण हुनेगर्छ ।

**लक्ष्य**

लक्ष ५.(क). अपाङ्गता भएका बालबालिकाका लागि समयमै पहिचान गर्ने र समयमै हस्तक्षेप गर्ने उपयुक्त उपायहरू निर्धारण गर्ने ।

लक्ष ५.(ख). अपाङ्गता भएका बालबालिका र अपाङ्गता नभएका बालबालिकाको विद्यालय भर्ना दरमा भएको फरकलाई आधा कम गर्ने ।

### प्रगति मापन गर्ने सूचक

### मुख्य सूचक

५.१ प्रारम्भिक बाल विकासका कार्यक्रमहरूमा समेटिएका अपाङ्गता भएका बालबालिकाको संख्या ।

५.२ अपाङ्गता भएका बालबालिकाको विद्यालयको प्राथमिक तहमा भर्ना हुने दर ।

५.३ अपाङ्गता भएका बालबालिकाको विद्यालयको माध्यमिक तहमा भर्ना हुने दर ।

### सहायक सूचक

५.४ बच्चामा अपाङ्गता पहिचान गर्ने र अपाङ्गता भएका बालबालिकाका अधिकारसम्बन्धी आवश्यक जानकारीसहितका जन्मपूर्व र बच्चा गर्भमा आइसकेपछि दिइने स्याहार, सेवा-सुविधाहरूको संख्या।

५.५ साङ्केतिक भाषामा प्रशिक्षण पाउने बहिरा बालबालिकाको संख्या।

५.६ पहुँचयुक्त शैक्षिक सामग्रीहरू प्रयोग गरी शिक्षा लिने दृष्टिविहीन बालबालिकाको संख्या।

५.७ उपयुक्त सहायक सामग्री, लचिलो र आवश्यकतामा आधारित पाठ्यक्रम, पहुँचुक्त र उपयुक्त शिक्षण सिकाइ विधि, उपयुक्त शैक्षिक सामग्रीहरूको उपयोग भई सिकिरहेका बौद्धिक अपाङ्गता भएका, अटिज्मबाट प्रभावित, सिकाइमा सुस्तता भएका बालबालिकाको संख्या।

## छैठौँ अपेक्षित परिणाम : लैंगिक समानता र महिला सशक्तीकरण सुनिश्चित गर्ने

अपाङ्गता भएका महिला र केटीहरूले विभिन्न प्रकारका विभेद र दुर्व्यवहारहरूको सामना गर्नुपरेको छ। अलग्याउने प्रवृत्ति र हेरचाह गर्नेसँगको परनिर्भरताले उनीहरूलाई एच.आइ.भी. सङ्क्रमणको जोखिम, गर्भावस्थामा बच्चा वा आमाको मृत्यु हुने लगायत अझ धेरै हिंसा, शोषण र दुर्व्यवहारको जोखिममा पारेको छ। मूलधारका लैंगिक समानतासम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका महिला समेटिएका छैनन्। यौन तथा प्रजनन स्वास्थ्य र सामान्य स्वास्थ्य स्याहारसम्बन्धी सूचनाहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भाषा र ढाँचामा छैनन्। तसर्थ, यस दशकको प्रतिज्ञा तबमात्र पूरा भएको हुनेछ, जब अपाङ्गता भएका महिला र केटीहरू विकासका समान र सक्रिय सहभागी हुनेछन्।

### प्रगति मापन गर्ने सूचक

### मुख्य सूचक

६.१ लैङ्गिकता र महिला सशक्तीकरणसम्बन्धी कार्ययोजनाहरूमा अपाङ्गता भएका महिलाको सहभागिता प्रवर्द्धन गराउने देशको संख्या।

६.२ देशको संसद् वा सोसरहको राज्यको निकायमा अपाङ्गता भएका महिलाले प्रतिनिधित्व गरेको सिट संख्या।

६.३ अपाङ्गता नभएका महिलाको तुलनामा सरकार र नागरिक समाजद्वारा सञ्चालन गरिएका

यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवाहरूमा पहुँच प्राप्त गरेका अपाङ्गता भएका महिला र केटीको संख्या ।

६.४ अपाङ्गता भएका महिला र केटीमाथि हुने यौन दुर्व्यवहार र शोषणलगायत हिंसा उन्मूलन वा यससँग सम्बन्धित सरकार तथा अन्य विभिन्न निकायले सञ्चालन गरेका कार्यक्रमको संख्या ।

६.५ कुनै पनि प्रकारका हिंसा वा दुर्व्यवहारवाट पीडित अपाङ्गता भएका महिला तथा केटीहरूलाई पुनःस्थापना, सहयोग तथा आवश्यक हेरचाह गर्न सरकार तथा सम्बन्धित निकायहरूले सञ्चालन गरेका कार्यक्रमको संख्या ।

**लक्ष्य**

लक्ष ६. (क) : मूलधारका विकासका अवसरहरूमा अपाङ्गता भएका महिला र केटीहरूलाई समान अवसर दिने ।

लक्ष ६. (ख) : सरकारका निर्णय गर्ने निकायहरूमा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व गराउने ।

लक्ष ६. (ग) : अपाङ्गता नभएका महिला र केटीहरूसरह समान आधारमा अपाङ्गता भएका महिला र केटीहरूलाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवाहरूमा समान पहुँच हुनेछ ।

लक्ष ६. (घ) : अपाङ्गता भएका महिला र केटीहरूलाई हिंसा र दुर्व्यवहारबाट संरक्षण दिने उपायहरू वृद्धि गर्ने ।

## सातौँ अपेक्षित परिणाम : अपाङ्गता समावेशी विपद जोखिम न्यूनीकरण र व्यवस्थापन

एसिया प्रशान्त क्षेत्र जलवायु परिवर्तनलगायत विभिन्न विपदहरूबाट धेरै नकारात्मक प्रभाव पर्ने क्षेत्र हो । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका नीति, योजना तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई अलग्याउने गरिएका कारणले उनीहरू लगायत अन्य जोखिममा रहेका समूह यस्ता विपदका घटनामा मृत्यु, चोटपटक र थप शारीरिक वा मानसिक क्षतिको शिकार हुने जोखिम अत्यधिकमात्रामा हुन्छ । यस्ता विभिन्न विषयमा सरकारले जनहितका लागि जारी गर्ने सन्देशहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त ढाँचामा हुँदैनन् । जस्तै : साङ्केतिक भाषा, ब्रेल, सङ्केत वा सरल र बुझिने चित्रहरूको प्रयोग गरिँदैनन् । यसैगरी आकस्मिक द्वार (ढोका) हरू, आकस्मिक अवस्थामा निर्माण गरिने अस्थायी सिविर र सेवा-सुविधा पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त हुँदैनन् । विपदको अवस्था आउनु पहिले गर्नुपर्ने तयारीका बारेमा सिकाइने कार्यक्रमहरूमा निरन्तररूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गरियो भने उनीहरूमाथि विपदबाट हुने क्षति न्यून गर्न सकिन्छ

। भौतिक संरचनाहरूलाई अपाङ्गतामैत्री बनाइएको खण्डमा पनि विपद व्यवस्थापनबाट हुने क्षति कम गर्न सकिन्छ ।

**लक्ष्य**

७. (क) : अपाङ्गता समावेशी विपद जोखिम न्यूनीकरण योजनालाई सबल बनाउने ।

७. (ख) : जोखिम वा विपदका अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समयमै र उपयुक्त सहयोग पुर्‍याउने उपायहरू कार्यान्वयनलाई सबल बनाउने ।

## प्रगति मापन गर्ने सूचक

### मुख्य सूचक

७.१. अपाङ्गता समावेशी विपद जोखिम न्यूनीकरण योजना तयार गरिएको ।

७.२. विभिन्न सेवासँग सम्बन्धित कर्मचारीहरूलाई अपाङ्गता समावेशी तालिमहरू प्रदान गरिएको ।

७.३. अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँच पुग्नेगरी बनाइएका विपद व्यवस्थापनका लागि तयार गरिने सिविरको संख्या ।

### सहायक सूचक

७.४. विपदका कारणले मारिएका वा गम्भीर रूपमा चोटपटक लागेका अपाङ्गता भएका व्यक्तिहरूको संख्या ।

७.५. विपद व्यवस्थापनको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श गर्न सक्ने कर्मचारीको उपलब्धता ।

७.६. विपद व्यवस्थापनका लागि तयारी गर्दा र विपद वा विपदपछिको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री र सहयोगी प्रविधिको उपलब्धता ।

## आठौँ अपेक्षित परिणाम : विश्वसनीय र तुलनायोग्य अपाङ्गतासम्बन्धी तथ्याङ्कमा सुधार ल्याउने

अपाङ्गता भएका व्यक्तिहरूलाई प्राय लुकाएर राख्ने, उनीहरूका कुरा नसुनिने र उनीहरूलाई गणना नगरिने गरिन्छ । पछिल्ला वर्षहरूमा एसिया तथा प्रशान्त क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको गणना गर्ने क्रममा देशहरूले अवलम्बन गर्ने "अपाङ्गता" र "अपाङ्गता भएका व्यक्तिहरू" को परिभाषामा धेरै विविधता रहेको छ । एसिया प्रशान्त क्षेत्रमा अपाङ्गता भएका व्यक्ति र उनीहरूको सामाजिक, आर्थिक अवस्थाका बारेमा वास्तविक तथ्याङ्क र सूचना आउनु जरूरी छ । अपाङ्गतासम्बन्धी तथ्याङ्क र सूचनाले वास्तविकतामा आधारित रहेर अपाङ्गता

भएका व्यक्तिहरूका अधिकारसम्बन्धी नीतिहरू बनाउन सजिलो बनाउँछ । यो दशकले अपाङ्गतासम्बन्धी तथ्याङ्क र सूचना सङ्कलन गर्ने एउटा अवसर प्रदान गरेको छ ।

## प्रगति मापन गर्ने सूचक

### मुख्य सूचक

८.१. International Classification of Functioning Disability and Health (ICF) अनुसार लिङ्ग, जात, उमेर र सामाजिक तथा आर्थिक अवस्थासमेत देखिनेगरी अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क ।

८.२. इन्च्योन रणनीतिले तय गरेका अपेक्षित परिणाम र लक्ष्यहरू प्राप्तिको अवस्था मापन गर्न एसिया प्रशान्त क्षेत्रमा सन् २०१७ को मध्यसम्ममा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क राख्ने सरकारहरूको संख्या ।

८.३. मूलधारका विकास कार्यक्रमहरू र स्वास्थ्य तथा यौन तथा प्रजनन स्वास्थ्यलगायतका सरकारका कार्यक्रमहरूमा अपाङ्गता भएका महिला तथा केटीहरूको विस्तृत तथ्याङ्क उपलब्ध भएको ।

**लक्ष्य**

८. (क) : अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँचयुक्त र अन्तर्राष्ट्रियस्तरमा तुलना गर्न योग्य हुनेगरी अपाङ्गतासम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र सबैलाई जानकारी गराउने ।

८. (ख) : सन् २०१७ को मध्यसम्ममा इन्च्योन रणनीतिले तय गरेका अपेक्षित परिणाम र लक्षहरूमा भएको प्रगति मापन गर्ने स्रोतको रूपमा अपाङ्गतासम्बन्धी विश्वसनीय तथ्याङ्क ल्याइसक्ने ।

## नवौं अपेक्षित परिणाम : अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गराउने र यस अनुकूल राज्यका नियम र कानुनी प्रावधानहरूमा परिवर्तन ल्याउने कामलाई तिब्रता दिने

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि अपाङ्गतासम्बन्धी पहिलो अन्तर्राष्ट्रिय कानुनी दस्तावेज हो, जसले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण, सम्मान र परिपूर्तिका लागि विस्तृत अवधारणा र उपायहरू प्रदान गर्छ । महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई दयाका पात्रको रूपमा नभएर अधिकार धारकका रूपमा सशक्त बनाउँछ । इस्क्याप क्षेत्रले महासन्धिको मस्यौदा निर्माण गर्ने चरणमा निकै सक्रिय र ऐतिहासिक भूमिका निर्वाह गरेको थियो । अक्टुबर ३०, २०१२ सम्ममा संसारका १२६ देशले यस महासन्धिलाई अनुमोदन गरिसकेका छन् भने १५४ देशले यसमा हस्ताक्षर गरिसकेका छन् । यसमध्ये एसिया प्रशान्त क्षेत्रका ३५ देशले यसमा हस्ताक्षर गरेका छन् भने २५ देशले यसलाई

अनुमोदन पनि गरिसकेका छन् ।

## प्रगति मापन गर्नका लागि सूचक

### मुख्य सूचक

९.१. महासन्धि अनुमोदन गर्ने देशको संख्या ।

९.२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न विभेदहरू विरूद्धका कानुनी प्रावधानहरूको उपलब्धता ।

### सहायक सूचक

९.३. महासन्धिको ऐच्छिक आलेख अनुमोदन गर्ने एसिया प्रशान्त क्षेत्रका देशको संख्या ।

९.४. हटाइएका वा संशोधन गरिएका अपाङ्गता भएका व्यक्तिहरूमाथि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विभेद हुनेखालका कानुनी व्यवस्थाको संख्या ।

**लक्ष्य**

९.(क) : यस दशकको मध्यसम्ममा (२०१७) यस एसिया तथा प्रशान्त क्षेत्रका थप १० वटा देशले महासन्धिलाई अनुमोदन गर्नेछन् र यस दशकको अन्त्यसम्म (२०२२) मा थप अरू १० देशले महासन्धिलाई अनुमोदन गर्नेछन् ।

९.(ख). : कानुनी प्रावधानहरूलाई महासन्धि अनुकूल बनाउने क्रममा राष्ट्रिय कानुनहरूमा विभेद विरूद्धका प्रावधान र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र संवर्द्धन गर्न आवश्यक पर्ने प्राविधिक मापदण्ड र उपायहरू समावेश गर्ने । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अपाङ्गता भएका व्यक्तिहरूप्रति विभेद हुनेखालका सबै कानुनी प्रावधानमा संशोधन गर्ने ।

## दशौँ अपेक्षित परिणाम : क्षेत्रीय, अन्तरक्षेत्रीय र उपक्षेत्रीय सहकार्यको विकास गर्ने

एसिया प्रशान्त क्षेत्रका लागि विगतका दुई दशकमा गरिएका कामको अनुभवले विशेष गरेर राम्रा अभ्यास र सिकाइहरूको आदान प्रदान र नयाँ आविष्कार गरिएका कुराहरूको आदान प्रदानमार्फत क्षेत्रीय, अन्तरक्षेत्रीय र उपक्षेत्रीयस्तरको सहकार्यको महत्वलाई दर्शाएको छ । सन् २०११ को डिसेम्बरमा अनुदान प्रभावकारितामा चौथो उच्चस्तरीय मञ्चले अवलम्बन गरेको "प्रभावकारी विकास सहकार्यका लागि बुसान साझेदारी" ले प्रभावकारी विकासका लागि सहकार्यका आधारहरू तयार गर्न अपाङ्गताको सवालमा गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको महत्वलाई मान्यता दिएको छ । नागरिक समाज र निजी क्षेत्रले अपाङ्गता अधिकारका क्षेत्रमा इन्च्योन रणनीतिले तय गरेका अपेक्षित परिणाम र लक्ष्यहरू हासिल गर्न नवीन र सिर्जनात्मक अवधारणाहरू ल्याउन मुख्य सहजकर्ताको भूमिका खेल्न सक्छ ।

एसिया प्रशान्त क्षेत्रमा अझै धेरै लामो समयसम्म सामना गर्नुपर्ने चुनौती छन् । द्वन्द्वपछिका अवस्थाहरू, जस्तै : जमिनमुनि राखिएका वा बेवारिसे अवस्थामा रहेका विष्फोटक पदार्थहरू

पड्किएर वा युद्धले छाडेका अन्य प्रभावहरूका कारण अपाङ्गता हुने कुरा र जीवनयापनसँग जोडिएका चुनौतीहरूलाई निरन्तरता दिइरहेको छ। यस दशकले यस्ता चुनौतीको सामना गर्न अन्तर्राष्ट्रिय सहकार्य बढाउन राम्रो अवसर प्रदान गरेको छ।

## प्रगति मापन गर्ने सूचक

### मुख्य सूचक

१०.१. सरकार तथा अन्य दाताहरूबाट Asia-Pacific Multi Donor Trust Fund र अपाङ्गता भएका व्यक्तिहरूका लागि एसिया तथा प्रशान्त दशक, सन् २०१३-२०२२ को मन्त्रीस्तरीय घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनका लागि गरिएका पहल र निर्धारण गरिएका कार्यक्रम कार्यान्वयनका लागि गरिएको वार्षिक सहयोग वा योगदान।

१०.२. Asia-Pacific Multi Donor Trust Fund र अपाङ्गता भएका व्यक्तिहरूका लागि एसिया तथा प्रशान्त दशक, सन् २०१३-२०२२ को मन्त्रीस्तरीय घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनका लागि गरिएका पहल र निर्धारण गरिएका कार्यक्रम कार्यान्वयनका लागि योगदान गर्ने दाताको संख्या।

१०.३. सरकार तथा अन्य दाताले अपाङ्गता भएका व्यक्तिहरूका लागि एसिया तथा प्रशान्त दशक, सन् २०१३-२०२२ को मन्त्रीस्तरीय घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनका लागि स्वेच्छिकरूपमा गरेको वार्षिक सहयोग वा योगदान।

१०.४. अपाङ्गता भएका व्यक्तिहरूका लागि एसिया तथा प्रशान्त दशक, सन् २०१३-२०२२ को मन्त्रीस्तरीय घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनलाई सहयोग गर्ने दक्षिण-दक्षिणबीचको सहकार्यलगायत क्षेत्रीय सहकार्यसम्बन्धी कार्यक्रमहरू भएका संयुक्त राष्ट्रसंघीय निकायको संख्या।

१०.५. अपाङ्गता भएका व्यक्तिहरूका लागि एसिया तथा प्रशान्त दशक, सन् २०१३-२०२२ को मन्त्रीस्तरीय घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनलाई सहयोग गर्ने दक्षिण-दक्षिणबीचको सहकार्यलगायत क्षेत्रीय सहकार्यसम्बन्धी कार्यक्रम भएका उपक्षेत्रीय अन्तरसरकारी निकायको संख्या।

१०.६. दक्षीण-दक्षिणबीचको सहकार्यलगायत क्षेत्रीय तथा उपक्षेत्रीय परियोजनाको संख्या,

जसमा अपाङ्गता भएका व्यक्तिहरूको एसिया तथा प्रशान्त दशक, सन् २०१३-२०२२ को मन्त्रीस्तरीय घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयन गर्न अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका र उनीहरूका लागि सञ्चालन भइरहेका संस्थाहरुको सहभागिता ।

१०.७. महासन्धिको अनुमोदन र कार्यान्वयनका लागि सहयोगी एसिया तथा प्रशान्त क्षेत्रमा काम गरिरहेका विकाससम्बन्धी साझेदार निकायको संख्या, जसको कार्यादेश, नीति, कार्ययोजना र अपाङ्गता समावेशी विकासका लागि पूर्ण समर्पित र राम्रो अनुभव भएको सम्पर्क व्यक्ति भएको होस् ।

**लक्ष्य**

- इस्क्यापले व्यवस्थापन गरेको Asia-Pacific Multi Donor Trust Fund र अपाङ्गता भएका व्यक्तिहरूका लागि एसिया तथा प्रशान्त दशक, सन् २०१३-२०२२ को मन्त्री स्तरीय घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनका लागि गरिएका पहल र निर्धारण गरिएका कार्यक्रमहरूमा सहयोग तथा योगदान गर्ने ।
- एसिया तथा प्रशान्त क्षेत्रका विकास साझेदार निकायहरूले आफ्ना अपाङ्गता समावेशी नीति र कार्यक्रमहरूलाई सबल बनाउने ।
- राष्ट्रसंघका क्षेत्रीय आयोगहरूले अपाङ्गताको सवाल र अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनसँग सम्बन्धित राम्रा अभ्यास र अनुभवहरुको अन्तरक्षेत्रीय आदान प्रदानलाई सबल बनाउने ।

१०.८. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि कार्यान्वयनका लागि राष्ट्रसंघीय पाँचवटा क्षेत्रीय आयोगका संयुक्त क्रियाकलापको संख्या ।

१०.९. एसिया तथा प्राशान्त क्षेत्रमा इस्क्याप वा अन्य निकायले अपाङ्गताका विषयमा र त्यसमा पनि विशेष गरेर अपाङ्गताको ICF अवधारणामा तालिम दिएका तथ्याङ्कविद्को संख्या ।

१०.१०. संयुक्त राष्ट्रसंघका सदस्य देश वा क्षेत्रीयस्तरका विकास सहयोगसम्बन्धी कार्ययोजनाको संख्या, जसले अपाङ्गता भएका व्यक्तिहरूका अधिकारलाई विभिन्न देश अन्तर्गतका राष्ट्रसंघीय कार्यक्रमहरूमा समावेश गर्न बनाइएको राष्ट्रसंघीय विकास समूहको मार्गनिर्देशन अनुकूल अपाङ्गता समावेशी विकासलाई सम्बोधन गर्छ ।

# इन्च्योन रणनीतिलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने पद्धति

## राष्ट्रियस्तरमा अपानाइने विधि

- अपाङ्गताको सवालमा काम गर्न सबै सम्बन्धित सरोकारवालाको प्रतिनिधित्व हुनेगरी राष्ट्रियस्तरको समन्वय गर्ने संयन्त्र निर्माण गर्ने ।
- यसभन्दा पहिलेका एसिया तथा प्रशान्त क्षेत्रका दशकहरूमा पनि विभिन्न देशमा यस्ता संयन्त्र गठन भएका छन् । ती निकायले यो रणनीति कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायसँग समन्वय गर्ने दायित्व लिनुपर्छ ।
- अपाङ्गतासम्बन्धी राष्ट्रियस्तरको समन्वय गर्ने संयन्त्रको सहयोगमा देशको तथ्याङ्कसम्बन्धी काम गर्ने राष्ट्रिय निकायले अपाङ्गता भएका व्यक्तिहरूका आधारभूत तथ्याङ्क राख्न मुख्य निकायको रूपमा काम गर्नुपर्छ ।
- अपाङ्गतासम्बन्धी राष्ट्रियस्तरमा समन्वय गर्ने निकायले तल उल्लेख गरिएका समेत काम गर्नुपर्छ ।
    - सरकारका विभिन्न विषयगत मन्त्रालय र विभाग, संस्थाहरू, अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका संस्था, अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन गरिएका संस्था, परिवारका सहयोगी निकाय, अभिभावकहरूका संस्था, अध्ययन तथा अनुसन्धान गर्ने निकाय र निजी क्षेत्रका निकायहरूलाई क्षेत्रीय र राष्ट्रिय दुवै तहमा सहभागी गराई परिचालन गर्ने ।
    - इन्च्योन रणनीतिले तय गरेका अपेक्षित परिणाम र लक्ष्यहरू हासिल गर्न कार्ययोजना तयार गर्ने, कार्यान्वयनको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने ।

- इन्च्योन रणनीतिलाई राष्ट्रिय भाषामा अनुवाद गर्ने र सबैको पहुँच पुग्ने ढाँचामा उपलब्ध गराउने र सबै तह एवं क्षेत्रमा त्यसको व्यापक प्रचार गर्ने ।
- राष्ट्रिय तथा क्षेत्रीय तहमा अधिकारलाई वास्तविक व्यवहारमा उतार्न सहयोग पुग्ने अभियान दशकैभरि चलाउने ।
- नीति निर्माण गर्ने एउटा आधारको रूपमा अपाङ्गतासम्बन्धी अध्ययन र अनुसन्धानहरूलाई प्रवर्द्धन गर्ने ।
- विभिन्न देशमा रहेका संयुक्त राष्ट्रसंघका निकायले राष्ट्रियस्तरको समन्वयकारी निकायलाई पुन: क्रियाशील वा क्रियाशील बनाउन सहयोग गर्ने ।

## उपक्षेत्रीय तहमा

- एसोसिएसन अफ साउथ इष्ट एसियन नेशन, इकोनोमिक को-अपरेशन अर्गनाइजेशन, दि प्यासेफिक आइल्याण्ड फोरम एण्ड र साउथ एसियन एसोसिएसन फर रिजनल को-अपरेशन जस्ता उपक्षेत्रीय अन्तर सरकारी निकायहरूले आफ्ना कार्यदिशहरूमा अपाङ्गता समावेशी नीति र कार्यक्रमहरूलाई समावेश गरी इन्च्योन रणनीति र मन्त्रीस्तरीय घोषणापत्र कार्यान्वयनलाई गतिशील बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेछ ।
- इस्क्यापको सचिवालयले अपाङ्गता भएका व्यक्तिहरूको एसिया तथा प्रशान्त दशक, सन् २०१३-२०२२ लाई प्रवर्द्धन गर्न उपक्षेत्रीय र अन्तर उपक्षेत्रीय सहकार्यमा सहयोग गर्नेछ । यसका लागि उपक्षेत्रीय अन्तर सरकारी निकायहरूसँग साझेदारी गर्नेछ । यसो गर्दा अपाङ्गता समावेशी विकासलाई प्रवर्द्धन गर्न यसका क्षेत्रीय निकायहरूले सहयोग गरेका उत्तर तथा मध्यएसिया, पूर्वी तथा उत्तर-पूर्वी एसिया, प्रशान्त क्षेत्र र दक्षिण तथा दक्षीण-पश्चिम एसियाका उप-क्षेत्रीय कार्यालयहरूको सक्रिय सहभागितालाई साथ लिनुपर्छ ।

## क्षेत्रीय तहमा

- इस्क्यापका सदस्यहरूले आफ्ना सामाजिक विकाससँग सम्बन्धित समिति वा सोसरहका निकायका नियमित सत्र वा बैठकमा इन्च्योन रणनीति र मन्त्रीस्तरीय घोषणापत्र कार्यान्वयनको प्रगति, चुनौती र राम्रा अभ्यासबारेमा छलफल गर्नेछन् । यस्ता बैठक वा सत्रमा नागरिक समाजका संस्थाहरूको सहभागितालाई अभिप्रेरित गरिनेछ ।

- अपाङ्ता भएका व्यक्तिहरूको एसिया तथा प्रशान्त क्षेत्रीय दशक, सन् २०१३-२०२२ का लागि क्षेत्रीय कार्यदल गठन गरिनेछ । त्यो कार्यदलले यसको दस वर्षभरि प्रभावकारी कार्यान्वयनका लागि सहयोग गर्नेछ । यसको काम इस्क्यापका सदस्य र सम्बद्ध सदस्यहरूलाई आवश्यकता अनुसार मन्त्रीस्तरीय घोषणापत्र र इन्च्योन रणनीति कार्यान्वयनका लागि सल्लाह दिनेमा केन्द्रित हुनेछ ।

- इस्क्यापको सचिवालयले मन्त्रीस्तरीय घोषणापत्र तथा इन्च्योन रणनीत कार्यान्वयनका लागि विश्लेषणात्मक कामहरू गर्ने र सरकारहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने काम गर्नेछ । विशेष गरेर यसले विभिन्न देशमा रहेका राष्ट्रसंघीय निकायसँग देहायबमोजिम सहकार्य गर्नेछ :

  - अधिकारलाई वास्तविक व्यवहारमा उतार्ने अभियान (Make the Rights Real Campaign) लाई प्रवर्द्धन गर्न र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि अनुकूल कानुनमा संशोधन गर्न सरकारहरूलाई सहयोग गर्ने ।

  - सदस्य र सह-सदस्यहरूबीच अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनका लागि गरिएका अपाङ्गता समावेशी विकासका राम्रा अभ्यास र राष्ट्रिय अनुभवहरू आदान प्रदानको क्रमलाई प्रवर्द्धन गर्ने । सँग सँगै अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिको प्रवर्द्धनका लागि विधायिका र प्रशासनिक निकायहरूबीच पनि अनुभव आदान प्रदान गराउने ।

  - प्रगतिसम्बन्धी सूचनाहरू सङ्कलन गर्ने र अपाङ्गतासम्बन्धी तथ्याङ्कको विकासमा सहयोग गर्ने ।

  - अपाङ्गता समावेशी विकास प्रवर्द्धन गर्न सदस्य र सह-सदस्यहरूको क्षमता विकासमा सहयोग गर्ने ।

  - नागरिक समाजका संस्थाहरू र विशेष गरेर अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका संस्थाहरूलाई साथमा लिएर काम गर्ने र उनीहरूलाई सरोकारवालाहरूसँग गरिने अन्तरक्रिया र छलफलका लागि क्षेत्रीय मञ्च उपलब्ध गराउने ।

  - अपाङ्गता भएका व्यक्तिहरू वा तिनका प्रतिनिधि संस्थाहरूको सशक्तीकरण र अवरोधमुक्त समावेशी समाज प्रवर्द्धनका लागि पहिलो एसिया तथा प्रशान्त क्षेत्रीय दशकको समयमा स्थापना भएको अपाङ्गतासम्बन्धी एसिया प्रशान्त विकास केन्द्र

(The Asia-Pacific Development Centre on Disability) लाई अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासलाई निरन्तरता दिन र अपाङ्गतामैत्री वस्तु तथा सेवा, रोजगारीका अवसर, उद्यमशीलता विकासलाई प्रवर्द्धन गर्नेखालको समावेशी व्यवसायप्रति निजी क्षेत्रको संलग्नतामा विशेष ध्यान केन्द्रित गर्दै बहुक्षेत्रीय सहकार्य प्रवर्द्धन गर्ने काममा संलग्न गराउने ।

- अपाङ्गता भएका व्यक्तिहरूको एसिया तथा प्रशान्त क्षेत्रीय दशक अन्तर्गतको मन्त्रीस्तरीय घोषणापत्र, सन् २०१३-२०२२ तथा इन्च्योन रणनीतिको सफल कार्यान्वयनमा सहयोग गर्न गणतन्त्र कोरिया सरकारको पहलमा कोरियामै स्थापना गरिएको "अधिकारलाई वास्तविक व्यवहारमा उतार्ने कोष" (Make the Rights Real Fund) लाई आमन्त्रण गर्ने ।
- नागरिक समाजका संस्था र तिनमा पनि विशेष गरेर अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका संस्थाहरूलाई मन्त्रीस्तरीय घोषणापत्र तथा इन्च्योन रणनीति कार्यान्वयनका लागि सहभागी गराइनेछ र दशकभरि नै अपाङ्गता भएका व्यक्तिका अपेक्षा र आवश्यकताहरूप्रतिको निरन्तर सम्बोधनलाई प्रवर्द्धन गरिनेछ ।